यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

वर्ष ९ अंक २७ श्रेणी 'क' २०७३ कार्तिक ६ गते शनिबार 22 Oct. 2016 पृष्ठ ४ मूल्य रू. ५/-

वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

# ७४४ नगरपालिका/गाउँपालिका बन्ने

## कास्कीमा ५ देखि ६ वटा स्थानीय तह बनाउन प्रस्ताव

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ कार्तिक ।**

स्थानीय तह पुनर्संरचना आयोगले गाउँपालिका तथा नगरपालिका गठनका लागि पहिले तयार गरेको मापदण्ड संशोधन गरेको छ। गाउँपालिका तथा नगरपालिका बनाउनका लागि पहिले तय गरिएको जनसंख्या र भूगोलको मापदण्ड घटाएर संख्या बढाउने गरी नयाँ कार्यविधि तयार गरेको हो। नयाँ कार्यविधिअनुसार अब धेरैमा ७४४ वटा स्थानीय तह बन्ने आयोग सदस्य श्यामकृष्ण भूर्तेलले बताए।

'अब ५६५ देखि बढिमा ७४४ स्थानीय तह बन्ने गरी मापदण्ड परिमार्जन गरेका छौं,' भुर्तेलले भने। यसअघि आयोगले देशभरि ५६५ स्थानीय तह बनाउने गरी काम गरिरहेको थियो। आयोगले काम गरिरहेककै बेला कांग्रेस, एमाले र एमाओवादीले इलाकालाई आधार बनाएर स्थानीय तह पुनसंरचना गर्ने सहमति गरेका थिए। यही सहमतिलाई आधार बनाएर सरकारले आयोगलाई दुई पटक मापदण्ड परिमार्जन गरी पत्राचार गरेको थियो। यही परिमार्जित मापदण्डका आधारमा आयोगले नयाँ मापदण्ड तय गरेको हो। सदस्काय भुर्तेलका अनुसार अब प्राय: जिल्लामा स्थानीय तहको संख्या पहिलको भन्दा धेरै हुनेछ। अब गाउँपालिका बन्न हिमालमा १३ हजार, पहाडमा २२ हजार र तराईमा ४० हजार जनसंख्याको मापदण्ड तोकिएको छ। नगरपालिकाका लागि हिमालमा १७ हजार, पहाडमा ३१ हजार र तराईमा ६० हजार जनसंख्याको मापदण्ड तोकिएको छ। भित्री मधेशमा भने पहाडी भूभाग भएको क्षेत्रमा पहाडकै मापदण्ड र तराईको भूभाग भएको क्षेत्रमा तराईकै मापदण्ड लागु गर्ने आयोगको निर्णय छ।

यस्तै, काठमाडौं उपत्यकामा नगरपालिका बन्न ६० हजार जनसंख्याको मापदण्ड राखिएको छ। तर, काठमाडौं उपत्यकालाई गाउँपालिका बनाउने सुविधा आयोगले दिएको छैन। स्थानीय तहको संख्या बढाउन आयोगले भूगोलको मापदण्ड पनि घटाएको छ। यसअघि एउटा स्थानीय तहको क्षेत्रफल अधिकतम १३०० स्क्वायर किलोमिटर हुने भनिएकोमा अहिले १ हजार स्क्वायर किलोमिटर कायम गरिएको छ। दसैंअघि सरकारले दिएको मापदण्डबारे लगातार एक साता छलफल गरेपछि शुक्रबार आयोग निष्कर्षमा पुगेको हो।

नयाँ बन्ने स्थानीय तहमा कसरी इलाकालाई आधार मानिन्छ भन्ने कार्यविधिमा स्पष्ट उल्लेख छैन। आयोगका सदस्य भूर्तेलले इलाकालाई आधार मानेर नै स्थानीय तहको संख्या बढाएको तर्क गरे। 'इलाकालाई आधार मानेर नै स्थानीय तहको संख्या थपिएको हो,' उनले भने,'तर इलाकालाई नै यसरी समावेश गर्ने भनेर भन्न सक्ने वैज्ञानिक आधार हामीले पनि भेटेनौं।' आयोगले जिल्ला स्तरीय




प्राविधिक सहयोग समितिहरूलाई कात्तिक २० सम्मको समयसीमा दिएको छ। तर, यसअघि नै सहमति जुटाइसकेका जिल्लाको हकमा समितिले पुरानैलाई प्रतिवेदनलाई पनि कायम राख्न सक्ने सदस्य भूर्तेलले बताए।

यसैबीच नयाँ मापदण्ड अनुसार कास्कीमा ५ देखि ६ वटा स्थानीय तह बनाउन स्थानीय तह निर्धारण समितिले प्रस्ताव गरेको छ। यसअघि ५ सय ६५ स्थानीय तह बनाउने तयारी गरिएपनि देशभरबाटै विरोध भएपछि संख्या थप गरिएको हो। कास्कीमा पनि यसअघि ५ वटा मात्रै तह बनाउन सिफारिस गरिएको थियो। अहिले आवश्यक परे एउटा तह थप गर्न सकिने आयोगले जनाएको छ। नयाँ मापदण्ड अनुसार अब पहाडी जिल्लाका गाउँपालिकामा २२ हजार मात्रै जनसंख्या भए पुग्छ। यसअघि यसको मापदण्ड २५ हजार थियो। नयाँ निर्देशन सँगै कास्कीमा अव न्यूनतम ५ देखि अधिकतम ६ वटासम्म स्थानीय तह बनाउन पाईनेछ। संख्या कम भएको भन्दै राजनीतिक वृत्तबाट असन्तुष्टि बढेपछि सरकारले असोज १२ मा इलाका समेतलाई आधार मानेर पुन: संरचना गर्न आयोगलाई नयाँ मापदण्ड तोकेको थियो। दसैं बिदापछि करिब एक साता बसेको आयोगको बैठकले संख्या टुंग्याएको हो।

आयोगले पुन: संरचनाका लागि तय गरेको नयाँ कार्य शर्त तथा कार्यविधिमा न्यूनतम ५ सय ७ र अधिकतम ७ सय ४४ संख्या तोकिएको छ। यसअघि अधिकतम मात्रै तोकिएको थियो। अब जिल्लाहरुलाई न्यूनतम र अधिकतम संख्या उल्लेख गरी पठाइने भएको छ। जिल्लाले त्यसमा छलफल गरी उपयुक्त संख्याको सिफारिस आयोगलाई गर्नसक्नेछ। नयाँ आधारमा गाउँपालिकाका लागि हिमालमा १३, भित्री मधेसको पहाडी क्षेत्रमा २२, भित्री मधेसकै समथर भू-भागमा ४० र तराईका जिल्लामा पनि ४० हजार जनसंख्या तोकिएको छ।

त्यस्तै, नगरपालिकाका लागि हिमालमा १७, पहाडमा ३१, भित्री मधेसको पहाडी क्षेत्रमा ३१, भित्री मधेसकै समथर क्षेत्रमा ६० र तराईका जिल्लामा ६० हजार जनसंख्या हुनुपर्ने आधार बनाइएको छ। नयाँ मापदण्ड अनुसार पुन: छलफल गरेर आयोगमा पठाईने स्थानीय विकास अधिकारी दामोदर भण्डारीले बताए। सकेसम्म जिल्ला तहमै छलफल गरेर टुंग्याईने उनको भनाई छ। हामीले केही भूभागलाई हिमाली मापदण्ड लागू गर्न माग गरेका थियौं, जिल्ला स्तरीय प्राविधिक सहयोग समितिका संयोजक समेत रहेका भण्डारीले भने-त्यसको सम्भावना देखिएन, जनसंख्या पुग्यो भने पहिलेको भन्दा एउटा थप तह निर्धारण गर्न पाईन्छ।

उनका अनुसार जनसंख्याको मापदण्डका कारण थप एउटा तह बढाउन कठिन हुनेछ। समितिले शनिबार देखि नै जिल्ला स्तरीय राजनीतिक दलसँग छलफल थाल्ने तयारी गरेको छ। समितिले सुरुमा नयाँ खाका तयार गरेर छलफलमा प्रस्ताव गर्ने जनाएको छ।

# प्लाष्टिक झोलामुक्त नगर घोषणाको तयारी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ कार्तिक ।**

पोखरा उप-महानगरपालिका कार्यालयमा नयाँ कार्यकारी अधिकृतका रुपमा नवराज ढुङ्गाना लाए लगत्तै विगतमा थाँती रहेका उप-महानगरपालिकाका योजनाहरु शुरु हुन थालेका छन्। उप-महानगरपालिका कार्यालयले गत बैशाख १ गते पोखरालाई प्लाष्टिकका काने झोला तथा गिलास मुक्त नगरका रुपमा घोषणा गर्ने तयारी गरेपनि विविध कारणबस घोषणा कार्यक्रम अगाडि बढ्न सकेको थिएन्। हाल, उक्त कार्यक्रमलाइ जतिसक्दो छिटो अगाडि बढाउने प्रक्रिया शुरु भएको कार्यकारी अधिकृत ढुङ्गानाले बताएका छन्। उप-महानगरपालिकाले यहि कार्तिकको अन्तसम्म नगरलाइ प्लाष्टिकका काने झोला तथा गिलास निषेधित क्षेत्र घोषणा गर्ने तयारीका साथ कार्यक्रमहरु अगाडि बढाएको छ। जस अन्तरगत उप-महानगरपालिकाले बरिष्ठ नगर प्रहरी निरीक्षक बसन्त चालिसेको संयोजकत्वमा घोषणा कार्यक्रम तयारी समिति गठन गरेको छ। समितीमा उप-महानगरपालिकाका महाशाखा प्रमुख सबै, नागरिक समाज, नगर टोल विकास समन्वय समिती, नगर महिला समन्वय समिती लगायतका संघ-संस्थाहरुका अध्यक्षहरु सदस्य रहने घोषणा कार्यक्रमका फोकल पर्सन ई.महेन्द्र गोदारले बताए। घोषणा कार्यक्रम अघि वडा स्तरिय अनुगमनलाइ तीव्रता दिने नगरपालिकाले तयारी गरेको छ। जसका लागि वडा सचिवको संयोजकत्वमा टोल विकास समन्वय समितिका अध्यक्ष, वडा नागरिक मञ्चका अध्यक्ष, वडा महिला समन्वय समितिका अध्यक्ष, वडा नागरिक समाजका अध्यक्ष लगायतको संलग्नता रहेको घोषणा तयारी कार्यक्रमका संयोजक बसन्त चालिसेले बताए।

पोखरा सभागृहमा एक विशेष समारोहको आयोजना गरि पोखरालाई प्लाष्टिकका काने झोला तथा गिलास निषेधित क्षेत्र घोषणा गरिने उप-महानगरपालिकाले जनाएको छ।

# घामपानी मार्केट्स् तयारीमा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ कार्तिक ।**

पोखराको विपिचोक चिप्लेढुङ्गामा घामपानी मार्केट्स संचालनमा आउने भएको छ। घामपानी कृषि सहकारी संस्थाद्वारा प्रवर्द्धित घामपानी मार्केट्स निर्माणको अन्तिम चरणमा पुगेको बताइन्छ। उक्त मार्केटस्मा करिब ५० वटा सटरहरु रहने र विभिन्न व्यवसाय गर्नेहरुलाई भाडामा दिइने घामपानी मार्केटस्का अध्यक्ष ध्रुवराज पोखरेलले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए।

उनका अनुसार घामपानी मार्केट्स यहि कार्तिक महिनाभित्र निर्माण पूरा गरि मंसिरको पहिलो साताबाट नै संचालनमा आउने भएको छ। हालसम्म करिब ३५ वटा सटर निर्माण चरणमा नै बुकिङ्ग भैसकेको पोखरेलले बताए।

उक्त मार्केट्समा व्यवसाय संचालन गर्ने व्यवसायीका लागि सुरक्षा र वैकल्पिक वत्तिको समेत सुविधा हुनेछ। पोखरामा रहेका अन्य कम्प्लेक्स वा मार्केटको तुलनामा सुविधा सम्पन्न र आकर्षक ढङ्गले निर्माण गरिने भएकोले व्यवसायीको आकर्षण बढेको मार्केटस्का कोषाध्यक्ष सन्तोष पोखरेलले बताए।

उनका अनुसार व्यवसायीहरुलाई १५ वर्षसम्मका लागि सम्झौता गरेर सटरहरु उपलव्ध गराइने र भाडा समेत तुलनात्मक रुपमा सस्तो छ। मार्केटस् निर्माणका लागि ३ करोड रुपैयाँ भन्दा बढी खर्च हुने र घामपानी सहकारी संस्थाका करिब ३५ जना सदस्यहरुको लगानी रहेको कोषाध्यक्ष पोखरेलले बताए।

यसैबीच घामपानी कृषि सहकारी संस्था लि.को वार्षिक साधारणसभा हालै सम्पन्न भएको छ। संस्थाका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विश्वशंकर पालिखे लगायत विभिन्न संघ-संस्थाका प्रतिनिधिले बोलेका थिए।

# अख्तियार प्रमुख कार्कीको महाअभियोग वहस चर्किंदै

**काठमाडौं ५ कार्तिक ।**

निलम्बित अख्तियारका प्रमुख आयुक्त लोकमानसिंह कार्कीविरुद्ध सर्वोच्च अदालतमा अर्को पुरक निवेदन दर्ता भएको छ। अधिवक्ता ओमप्रकाश अर्यालले कार्कीको सम्पूर्ण सुविधा खोस्नुपर्ने र उनलाई कामकारबाहीबाट रोक्न अन्तरिम आदेश जारी गर्नुपर्ने माग राखी शुक्रबार सर्वोच्चमा निवेदन दर्ता गरेका हुन्। नियमित न्यायिक काम कार्बाही अवरुद्ध गरेको, अदालतलाई असहयोग गरेको, आफूविरुद्धको प्रमाणहरु नस्ट गर्ने सम्भावना रहेकाले कार्कीविरुद्धको अन्तिम फैसला नआउञ्जेल उनलाई निलम्बनको अवस्थामा राख्नुपर्ने निवेदनमा माग गरिएको छ। साथै अधिवक्ता अर्यालले कार्कीमाथि अन्तरिम आदेश जारी नभए आफूविरुद्धको महाअभियोग प्रस्तावको विपक्षमा चलखेल गर्नसक्ने, अदालतको नियमित कामकारबाही अवरुद्ध पार्ने भएकाले अन्तरिम आदेश जारी हुनुपर्ने माग पनि निवेदनमा गरेका छन्।

यसैबीच सरकारको कानूनी प्रतिरक्षा गर्ने संवैधानिक निकायले महाभियोगका कारण निलम्बित अख्तियारका प्रमुख आयुक्त लोकमानसिं कार्कीको प्रतिरक्षा गर्न नमिल्ने स्पष्ट पारेको छ। शुक्रबार आयोजित पत्रकार सम्मेलनमा महान्यायाधिवक्ता रमण श्रेष्ठले सांसदहरुले संसदमा दर्ता गराएको महाभियोगको प्रस्ताव व्यक्तिविरुद्ध लक्षित रहेकाले महान्यायाधिवक्ता कार्यालय व्यक्तिको प्रतिरक्षा गर्न नमिल्ने बताए।

'महाभियोग लागेकामाथिको कानूनी प्रतिरक्षा महान्यायाधिवक्ता कार्यालयले गर्नै सक्दैन' पत्रकार सम्मेलनमा श्रेष्ठले भने, 'सरकार जुन पोजिसनमा हुन्छ, महान्यायाधिवक्ताले उसको कानूनी प्रतिरक्षा गर्ने हो। कार्कीविरुद्ध दर्ता गरेको महाभियोगको प्रस्तावमा महान्यायाधिवक्ताले आवश्यक परे आफ्नो राय दिन सक्छ। तर प्रतिरक्षा गर्न मिल्दैन।' सांसदले संसदमा दर्ता गरेको महाभियोग प्रस्तावमा महान्यायाधिवक्ताको प्रत्यक्ष भूमिका नहुने तर कानूनी राय मागेमा दिने व्यवस्था रहेको श्रेष्ठले बताए।

अधिवक्ता ओमप्रकाश अर्यालले दायर गरेको फैसलाको पुनरावलोकनको मुद्दामा भने महान्यायाधिवक्ता कार्यालयले कार्की नियुक्तिकै पक्षमा बहस गर्नेछ। महान्यायाधिवक्ता कार्यालयका एक उच्च अधिकारीका अनुसार, त्यसमा पनि कार्कीको अवस्था भने निकै कमजोर छ। योग्यता, उच्च नैतिकवान चरित्र, कारबाही प्रक्रियामै रहेको अवस्था लगायतका कारणले कार्कीको कानूनी आधार भने कमजोर रहेको मिसिल अध्ययन गरेका एक सरकारी न्यायाधिवक्ताले बताए। 'अवस्था जे भए पनि पेशीमा चढेको दिन हामीले उनको कानूनी प्रतिरक्षा भने गर्नुपर्छ' उनले भने।

यता, अख्तियार प्रमुख लोकमानसिंह कार्कीविरुद्धको महाअभियोग प्रस्ताव अबिलम्ब पारित गराउन माग गर्दै शुक्रबार काठमाडौंमा विद्यार्थी संगठनहरुले प्रदर्शन गरेका छन्। रत्नपार्क शान्तिवाटिकामा अपरान्ह गरिएको प्रदर्शनमा नेपाली काङ्गेसनिकट नेविसंघ, नेकपा एमालेनिकट अनेरास्ववियु र नेकपा माओवादी केन्द्रनिकट अखिल(क्रान्तिकारी), संघीय समाजवादी फोरम नेपालनिकट समाजवादी विद्यार्थी फोरमसहित ११ संरुगठनको सहभागीता थियो।

शान्तिवाटिकामा भएको एकघण्टाको प्रदर्शनपछि आयोजित सभामा बोल्दै अनेरास्ववियुकी अध्यक्ष नविना लामाले नेताहरुलाई खुट्टा नकमाउन खबरदारी गरिन्। अखिल(क्रान्तिकारी)का अध्यक्ष नरेन्द्र नयौपानेले लोकमानविरुद्धको महाअभियोग प्रस्ताव पारित नभएसम्म आफूहरु लडिरहने बताए। नेविसंघ महामन्त्री कुन्दन काफ्लेले लोकमानको छांयाबाट लोकतन्त्र जोगाउन महाअभियोग प्रस्ताव जुनसुकै हालतमा पारित गरिनुपर्ने बताए। दिउँसो बागबजारमा बसेको संयुक्त विद्यार्थी संगठनहरुको बैठकले पनि लोकमानलाई कारबाही नहुँदासम्म संयुक्त विद्यार्थी आन्दोलन श्रखंलाबद्धरुपमा अघि बढ्ने निर्णय गरेको अखिल(क्रान्तिकारी) का प्रवक्ता सुरेन्द्र बस्नेतले जानकारी दिएका थिए।

यस्तै मानवअधिकार तथा शान्ति समाजले अख्तियार प्रमुख लोकमानसिंह कार्कीविरुद्ध महाअभियोगको प्रस्ताव दर्ता गर्नु स्वागतयोग्य कदम भएको बताएको छ। समाजले विज्ञप्ति निकालेर प्रमुख आयुक्तका रुपमा मानवअधिकार उल्लघनकर्ता कार्कीको नियुक्ती गैरन्यायिक भएको भन्दै आफ्नो पुरानो धारणालाई पुनस् स्पष्ट पारेको छ। तत्कालिन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र तत्कालिन राष्ट्रपति रामवरण यादव 'अनुचित' प्रभावमा परेर कार्कीको नियुक्ती गरिएको समेत शान्ति समाजको विज्ञप्तीमा उल्लेख छ। समाजले महाअभियोगको प्रस्ताव सकरात्मक कदम भएको भन्दै यसबाट दलहरुले विगतमा गरेको गल्तीलाई थोरै भए पनि सुधारको प्रयासका रुपमा बुझ्न सकिने बताएको छ।

यता, मधेसी मोर्चाका एक नेताले आग्रह र पूर्वाग्रह राखेर अख्तियार प्रमुख लोकमान सिंह कार्कीविरुद्ध महाअभियोग प्रस्ताव ल्याइएको बताएका छन्। मधेसी मोर्चामा आवद्ध सदभावना पार्टीका महासचिव मनिष सुमनले भने, 'ईर्श्याको खातिर यो प्रस्ताव आएको हो, हामीले यसलाई खासै गम्भिर रुपमा लिएका छैनौं।' यद्यपि महाअभियोग प्रस्तावले अन्तिम रुप लिने बेला मोर्चाले विवेकपूर्ण निर्णय लिने उनले बताए। तीन दलका शीर्ष नेताहरुले बन्द कोठाभित्र बसेर पूर्वाग्रह राखेर लोकमानविरुद्ध प्रस्ताव ल्याएको उनले टिप्पणी गरे। लोकमानविरुद्धको महाअभियोग मधेसी मोर्चाले भनेजस्तो संविधान संशोधनको प्रस्तावलाई ओझेलमा पार्नका लागि ल्याइएको समेत आरोप लगाए। महाअभियोग प्रस्ताव समिति गठन गर्दा समेत प्रमुख तीन दलले दादागिरी देखाएको उनको आरोप थियो।

यता, अख्तियार प्रमुख लोकमानसिंह कार्कीविरुद्ध संसदमा महाअभियोग प्रस्ताव दर्ता भएपछि अप्ठ्यारोमा परेको नेपाली कांग्रेस मध्यमार्गी बाटोको खोजीमा जुटेको छ। विहीबारदेखि सुरु भएको पार्टी केन्द्रीय समितिको बैठकमा नेताहरुले शुक्रबार पनि आ(आफ्नो धारणा राखेका छन्। गगन थापा, विश्वप्रकाश शर्मा, प्रदीप पौडेलसहितका युवा नेताहरुले निशंकोच महाअभियोगको पक्षमा उभिन पार्टी नेतृत्वमाथि दबाव दिएका छन्। उनीहरुले जनमत लोकमानको विपक्षमा रहेको बताएका छन्। तर, कांग्रेसका धेरै नेताहरु भने आवेगमा निर्णय नगरौं भनिरहेका छन्। उनीहरुमध्ये केहीले त महाअभियोग प्रस्तावलाई नै सत्तारुढ माओवादीका सांसदलाई साथमा लिएर विपक्षी एमालेले गरेको षड्यन्त्रसम्म भनेका छन्।

रामचन्द्र पौडेल समूहका नेताहरुले हलडका भरमा महाअभियोगको समर्थन गर्न नहुने मत राखेका छन्। धेरै नेताहरु यसबारे कम बोल्ने गरेका छन्। पार्टी सभापति शेरबहादुर देउवा पक्षधरले भने यसलाई एमालेको षड्यन्त्र भनेका छन्।

**मध्यमार्गी विकल्पको खोजी**

जनमत विपरीत लोकमानलाई बोक्न पनि नसक्ने र महाअभियोगको पक्षमा लाग्न पनि नसक्ने अवस्था आएपछि कांग्रेसमा मध्यमार्गी बाटोको खोजी सुरु भएको छ। स्रोतका अनुसार केन्द्रीय कार्यसमिति बैठकमा शुक्रबार सभापति शेरबहादुर देउवासहितका नेताहरु एक झण्डै घन्टा हराए। यसवीचमा अब कसरी अघि बढ्ने भन्नेमा शीर्ष नेताहरुबीच गोप्य छलफल भएको स्रोतले तायो।

'मध्यमार्गी बाटोका रुपमा लोकमानलाई राजीनामा गराउने विकल्प पनि आएको छ,' एक नेताले भने। पार्टीका शीर्ष नेताहरू छलफलमा रहेकाले केन्द्रीय कार्यसमितिको बैठक महाअभियोग बारे कुनै निर्णय नगरी सोमबार सम्मका लागि स्थगित भएको छ।

**राजीनामा दिंदैमा महाअभियोग रोक्नुहुन्न: खड्का**

एमाले र माओवादीका १५७ सांसदले महाअभियोग प्रस्ताव दर्ता गरेपछि कार्की अहिले निलम्बित अवस्थामा छन्। तर, कांग्रेसले भनेजस्तो राजीनामाले मात्रै महाअभियोग रोक्न नमिल्ने नेपाल बार एशोसिएसनका पूर्वअध्यक्ष प्रेमबहादुर खड्का बताउँछन्।

अपाङ्गता भएका व्यक्तिलाई अपशब्द प्रयोग गर्ने, हेला, घृणाको दृष्टिले हेर्ने वा होच्याउने कार्य गर्नु गराउनु हुदैन ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

हार्दिक बधाई



श्री सरस्वती श्रेष्ठ "सरू"

धादिङ-पोखरा नलाङ इकाई समितिका सचिव श्री सरस्वती श्रेष्ठ "सरू" ज्यू वडा नागरिक मञ्च पोखरा-९ को गरिमामय संयोजक पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं।

शम्भु अधिकारी
अध्यक्ष एवं
धादिङ-पोखरा नलाङ इकाई समिति परिवार

# शनिबारीय स्वास्थ्य चर्चा

## दृढ संकल्पले छुट्न सक्छ धुम्रपानको लत



थामिएन स्क्रब टाइफप्रायस गरेर बानी व्यवहार जस्ता कुराहरु मानिस सुरु(सुरुमा कसैको देखासिकी गरेर या साथिभाईको लहै(लहैमा लागेर वा सौखको रुपमा यसलाई लिइने गर्दछन्। पछि गएर मानिसको यही सौख बानी (ह्यबिट) को रुपमा परिणत भइ व्यक्तिको व्यवहारमा पनि देखिन्छ। फेरी जीवन भरी धुमपानको लतले व्यक्तिको पिछा छोडदैन । एकप्रकारले बानीले मानिसलाई आफ्नो (गुलाम) बनाउँछ र मानिस स्वत: दास हुन पुग्छ। मानिसका सौखहरु पनि विभिन्न प्रकारका हुन्छन् । त्यसमध्ये एउटा सौख यस्तो पनि छ जसले आजकलका युवा पिढीलाई आफ्नो गिरफ्तमा लिइरहेकोछ। त्यो बानि केहो? त्यो हो सुर्तीजन्यपदार्थ को सेवन, जुन गुटखा, पानपराग, खैनी, बिडी, चुरोट, हुक्का आदीको रुपमा नशाको लागि प्रयोग गरिन्छ। अक्सर तनाव या मानसिक दबाब कम गर्नको लागि मानिस नशाको सेवन-सुरुमा सौखको रुपमा गर्दछन्।

पछि यही सौख उसको कमजोरी वा मजबुरी हुनजान्छ र व्यक्तिलाई नभई न हुने हुन्छ । यस्ता व्यक्तिमा इच्छाशक्ति, आत्मविश्वास, कुनै कुराको निर्णय लिने क्षमतामा कमी, व्यवहारमा परिवर्तन हुनुका साथै दिर्घकालीन प्रयोग गरेको अवस्थामा मुख, घाँटी, पेट र छातिको क्यान्सर जस्तो प्राणघातक रोगको खतरा बढन जान्छ । तम्बाकु (सुर्ती) को सुकेको पातमा निकोटिन, पायटिडिन, पिकोलिन तथा कालिडिन नामक तत्वहरु पाइन्छ । यि सबै हानिकारक तत्वहरु सुर्तीजन्य पदार्थबाट बनेका विभिन्न किसिमका ऊत्पादन (ब्रान्ड) हरुको सेवनको दौरान फोक्सोमा हानिकारक प्रभाव पार्दछ । तम्बाकुको धुवाँमा उपरोक्त हानिकारक तत्वको आलावा वेंजिन तथा रेडियो एक्टिवलिड पनि विद्यामान रहन्छ जसको अधिक मात्राले ल्युकिमिया (ब्लड क्यान्सर) को कारक बन्नसक्छ ।

महिला पनि पुरुषभन्दा के कम छन् र देखासिकी भनौ या सोखको रुपमा- महिलाहरुमा पनि धुम्रपान गर्ने बानी बढिरहेकोछ । जसले गर्दा यिनिहरुको जन्मिने बच्चा प्राय: बिरामी भइरहने र आकस्मिक मृत्यु हुने खतरा भइरहन्छ । यस्ता महिलाहरुले आफ्नो जन्मिने सन्तानलाई-क्यान्सरको तत्व बच्चा जन्मिनुको साथै उपहार स्वरुप दिन्छन् ।

लन्डनका डा.क्लिवबेटसले आफ्नो वर्षौंदेखिको अन्सुन्धानमा के पाए भने, 'धुम्रपानको सेवनले पुरुषमा लिंगोत्थानको क्षमतामा कमी ल्याउनुका साथै रक्तबाहिनी नलीलाई समेत क्षति पुर्‍याउँछ र मुटुको गतिलाई पनि प्रभावित गर्दछ ।

सुर्तीको सेवनले व्यक्तिमा घबराहट, बैचैनी, अनिन्द्रा, तनाव, सुस्ती, आलस्य, थकावट, अवसाद, स्नायुशुल, मुटुकोको धडकन बढनु, उच्चरक्तचाप, भोक न लाग्नु , कब्जियत, मुख गन्हाउनु, पाचन सम्बन्धि रोग हुनु, आखाँको दृष्टी कमजोर हुनु, असमय मै बुढोजस्तो देखिनु, वल्वको प्रकाश या मैनबत्तिको उज्यालोमा घबराहटहुनु को साथै मुटुको रोगहुने सम्भावना बढी हुन्छ । जसलाई टोबाको हर्टडिजिज (सुर्तीजन्यह्वदय रोग) पनि भनिन्छ । धुम्रपान गर्ने व्यक्तिको घाँटी दुख्नुको साथै बिहान सबैरे सुख्खा खोकी लाग्नुका साथै केही दानादार कफ (खकार) आउन सक्छ । धुम्रपानको सेवनले ब्रोकंकाइटिस, दम तथा पुरुषमा नपुंसकता तथा महिलामा बाँझोपन पनि हुनसक्छ ।

यसैप्रकार गुटखा, पानपराग, पानमसालको सेवन गर्नेहरुमा मुख भित्र रहेका तन्तुहरु खुम्चिएर (फाईब्रोसिसि) को कारणले व्यक्ति राम्रोसँग मुख खोल्न (आँऽऽगर्न) सक्दैन । आँऽ गर्दा मुख कम खुल्छ र सम्वेदनशीलता बढन जान्छ। गुटखा सेवन गर्ने व्यक्तिहरु मसालायुक्त खानेकुरा या गरम पेयपदार्थ खान या पिउन सक्दैनन्। खाएमा मुखमा भित्र तकलिफ हुन्छ। धेरैजसो गुटखाको प्रयोग गर्नेहरुलाई मुखको वा घाँटीको क्यान्सर हुनाले मृत्यु समेत हुनसक्छ।

यही कारणले होला कि विश्वका धेरैजसो मुलुकहरुमा त्यहाँका सरकारले, स्थानीय प्रशासनले सार्वजनिकस्थल, स्कुल, कलेज, थिएटर, सिनेमा हल, अस्पताल, बस, रेलगाडी, ट्रामगाडी, एयरपोर्ट, बसपार्क, गिर्जाघर, आदि ठाउँहरुमा धुमपान निषेध छ भनेर सूचना टाँस्नुको साथै चुरोटको बट्टा, खैनीको पुडिया, गुटखाको पाउचमा समेत मानिसलाई मुख, जिब्रो र गालामा क्यानसर भएको चित्र अंकित गरिएको छ । ताकी सुर्तीको सेवन गर्नेहरुलाई चेतना होस र धुमपान गर्ने बानी बेलैमा छोड्ने प्रयास गरुन्।

कसरी हुन्छन् चेन स्मोकर:-जब कुनै व्यक्ति सिगरेटरबिडीरसुर्तीको सेवन गर्दछ भने सेवनकर्ताको मस्तिष्क (ब्रेनमा) लगभग १० सेकेन्ड त्यसपछि सेन्ट्रल नर्वस सिस्टममा ५ मिनटसम्म सुर्तीको असर रहन्छ । धुम्रपान गर्नाले केहीबेरको लागि भएपनि मानिसमा काम गर्ने क्षमता बढेको महसुश हुन्छ। र व्यक्ति निकोटिनको सुरमा आफ्नो काम केहीबेर भएपनि मजाले गर्छ । तर यो जाँगर धेरै समयसम्म चल्दैन । केही समय पश्चात शिथिलता आउन सुरुहुन्छ, काममा मन लाग्दैन , छटपटी लाग्छ, पछि गएर शरीर सुस्त हुनथाल्छ बिस्तारै-२ कामगर्ने क्षमतामा पनि कमि आउन थाल्छ र फेरी व्यक्तिलाई धुमपानको आवश्यकता महसुश हुन थाल्छ । यसरी बारम्बार चुरोटको तल-तल मेटने प्रयासमा व्यक्ति धुम्रपानको अम्मलि अर्थात (चेनस्मोकर) हुनजान्छ।

उपचार: होमियोप्याथिक चिकित्सामा पनि धुम्रपान या सुर्ती सेवनको बानीबाट सजिलै छुटकारापाउन साकिन्छ। तर यसको लागि व्यक्तिकोआफ्नो इच्छाशक्ति (विलपावर) दृढ हुनुपर्दछ। मात्र औषधिको सेवनले केही पनि हुदैन ।औषधिले त धुमपानको लत छुटाउनमा व्यक्तिलाई सहयोग गर्ने मात्र हो । व्यक्तिले पनि आफ्नो सहयोग आफैंले गर्नुपर्ने हुन्छ । होमियोप्याथिकऔषधि सेवन गर्नुका साथै नियमित रुपमा योगाभ्यास (कापालभाति, प्रणायाम, मेडिटेसन (ध्यान) को सहयोग पनि लिन सकिन्छ। यसबाट पनि धुम्रपानको लत छुटाउनमा केही हदसम्म मद्दत मिल्दछ । होमियोप्याथिकमा चिकित्सामा धुमपानको लत छुटाउन प्रयोग हुने प्रभावशाली औषधिहरु छन्। यस चिकित्सामा रोगको उपचार गर्दा रोगीको मानसिक एवं शारीरिक लक्षणहरुलाई मध्यनजर राखेर उचित औषधिको चयन गरिन्छ। रोगीको लक्षणको आधारमा सफलतापूर्वक प्रयोग हुने औषधिहरु निम्न लिखित छन् ।

**औषधिहरु :**

१) प्लेटेगोंमेजर-२००रशक्ति-यसको प्रयोगले निकोटिनको कारणले हुने अनिन्द्रा र सुस्तीबाट राहत दिन्छ।

२) डेफ्ने इडिकां-२००र शक्तिको सुर्ती तथा यसबाट उत्पादन भएका चिजहरु जस्तै खैनि, बिडी, सिगरेट, आदिको चाहनाप्रति अरुची उत्पन्न गराउँछ ।

३) केलेडियम-२००रशक्ति- सुर्तीको तल-तललाई यसले हटाउनमा मद्दत गर्छ ।

४) टेबेकम-२००रशक्ति-यस औषधिको सेवनले व्यक्तिलाई यस्तो अवस्थामा ल्याइदिन्छ कि सुर्तीको सेवन गर्ने इच्छा हुने बित्तिकै बाक्क-बाकि हुन थाल्छ, र व्यक्तिमा धुमपान प्रति अरुची हुनजान्छ ।

५) इपिकाक-२००रशक्ति- चुरोटको गन्धले बाक-बाकिआउनु, बान्ताहुनु आदि अवस्थामा यसको प्रयोग गरिन्छ।

६) आर्सेनिकएल्बम- २०० र शक्ति सुर्ती खैनिको सेवनबाट हुने शारीरिक समस्या (दुष्प्रभाव) मा यसऔषधिको प्रयोगले राहत पुर्‍याउँछ ।

७) नक्सवोमिका-२००रशक्ति- धुमपान गर्ने व्यक्तिहरुमा सुर्तीको सेवन पश्चातहुने -पाचन सम्बन्धि) ग्यास्ट्रिकको अवस्थामा यसको सेवनले राहत पुर्‍याउँछ । ८) फासफोरसस-२००रशक्ति-धुमपानको सेवन गर्नेहरुमा देखिने शारीरिक समस्याहरु जस्तै- यौवन शक्ति कमजोर हुनु, मुटुको धडकन बढनु, आदिमा यसको प्रयोले फाइदा पुर्‍याउँछ । यसैप्रकार रोगीको अवस्था अनुसार अरु औषधिहरु जस्तै- केम्फर, इग्नेसिया, स्टेफासिग्रिया, स्पाइजेलिया आदिको पनि प्रयोग गर्न सकिन्छ। उपरोक्त होमियोप्याथिक औषधिहरु आफ्नो नजिकका स्थानीय चिकित्सकको सल्लाह अनुसार नियमित रुपमा सेवन गर्नु पर्नेहुन्छ ।

**कान्तिपुर अनलाइनबाट**

## थामिएन स्क्रब टाइफस

स्क्रब टाइफस संक्रमणबाट चितवनमा एक बालिकाको मृत्यु भएको छ । कालिका ६ की १३ वर्षीया बालिकाको दुई दिनअघि मृत्यु भएको चितवन मेडिकल कलेजका निर्देशक डा. दयाराम लम्सालले जानकारी दिए । बालिकालाई सामान्य ज्वरो आएपछि गत भदौ २८ गते अस्पताल भर्ना गरिएको थियो । जिल्लामा पछिल्ला दिन स्क्रब टाइफसका बिरामी बढिरहेका छन् । यससँगै डेंगु, चिकनगुनियाका बिरामी पनि फेला परिरहेका छन् । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार ०७२ भदौमा पहिलोपटक स्क्रब टाइफस बिरामी भेटिएका थिए । गत वर्ष बीपी कोइराला स्वाथ्य विज्ञान प्रतिष्ठान धरानमा बिरामीको रगत परीक्षण क्रममा यो रोग लागेको पुष्टि भएको थियो । मुलुकभर 'स्क्रब टाइफस' को संक्रमण बढेपछि अवस्था पत्ता लगाउन इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको टोलीले मुसाको स्थलगत अध्ययन तथा परीक्षण सुरु गरेको थियो । त्यस त्रममा ७० प्रतिसत मुसामा माइट फेला पारेको थियो । यहाँको सबैभन्दा प्रभावित क्षेत्र शारदानगर, रामपुर, मंगलपुर, पार्वतीपुर, शंकर र विकासचोक हो । यहाँका मानिस स्क्रब टाइफस, चिकनगुनिया र डेंगुजस्ता रोगबाट पीडित छन् । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका उपस्वाथ्य प्रशासक डा. गुणनिधि शर्माका अनुसार अहिले सम्म ३७ जिल्लामा २ सय ७५ जना स्क्रब टाइफसका बिरामी फेला परेका छन् । त्यस्तै ९ जनाको मृत्यु भइसकेको छ । शर्माका अनुसार चितवन, संखुवासभा र कैलालीमा २/२, भोजपुर, तनहु, गुल्मीमा १/१ जनाको मृत्यु भएको छ । सबै भन्दा बढी बिरामी चितवनमै फेला परेका छन् । 'डेंगु रोग पहिलो पटक चितवनबाटै पहिचान भएको हो,' शर्माले भने, 'वातावरणका हिसावले यो जिल्लामा रोगको जोखिम बढी छ ।' उनका अनुसार डेंगु, मलेरिया, काला जार, स्क्रब टाइफसका कारण जीवाणुका लागि चितवनमा वातावरण अनुकूल छ । त्यसले गर्दा रोग पहिचान हुँदानहुँदै बिरामीको संख्या बढिसकेको हुन्छ । 'जोखिम अन्य जिल्लामा पनि छ,' उनले भने,'तर यहां २ वटा मेडिकल कलेज छन, राम्रो सरकारी अस्पताल छ, जसले गर्दा चांडै रोग पहिचान भई निदान सुरु गरिन्छ ।' उपचार सेवा छिटो भए पनि रोग लागेर अन्तिम अवस्थामा मात्र अस्पताल आउंदा बिरामीको ज्यान जाने गरेको छ । अहिले डेंगुको जोखिम पनि तीव्र छ । असोज २७ गते सम्म २ सय १९ मा डेंगु संत्रमण भएको पाईएको जनस्वास्थ्यले जनाएको छ । 'यो सख्या बढेको छ', जनस्वास्थ्यका किट नियन्त्रक निरीक्षक रामकुमार केशीले भने, 'अहिले २ सय ५० नाघेको छ ।' उनले अन्य अस्पतालबाट तथ्याङ संकलन हुन बाँकी रहेको जनाए । खास गरी रत्ननगरमा संक्रमण बढ्दै गएको पाइन्छ ।

**वीरगन्जमा बढ्दै** : मध्य तराईमा स्क्रब टाइफसका बिरामी थपिएको थपियै छन् । चिकित्सकको अनुमानविपरीत चिसो बढे पनि रोग नियन्त्रणमा आउन सकेको छैन । चिसोमा रोग सार्ने भुसुना कमजोर भएर संक्रमण घट्ने चिकित्सकको अनुमान थियो । वीरगन्जस्थित नेसनल मेडिकल कलेज शिक्षण अस्पतालमा ३ बिरामी उपचारमा छन् । अस्पतालका बालरोग चिकित्सक डा. अतीन्द्र मिश्रका अनुसार उपचारमा आएका मध्ये लक्ष्मीपुर ७ सर्लाहीका १३ वर्षीय बालक श्याम चौधरीलाई बिहीबार आईसीयू कक्ष भर्ना गरिएको छ । यसबाहेक सर्लाही, मधुवनीकी ६ वर्षीया सहिस्ता खातुन र रौतहट रामपुरका ४ वर्षीय गौरव कुमार पनि अस्पताल भर्ना छन् । दुबै सोमबार बेलुकी अस्पताल ल्याइएका थिए । यी समेत गरी असार यता अस्पतालमा स्क्रब टाइफसका ३२ बिरामी आएका छन् । रौतहट धरमपुर-४ की ७ वर्षीया रतुशनाज खातुनको साउन १३ गते उपचारको क्रममै मृत्यु भएको थियो । अन्य थप दुई बिरामीको उपचार सम्भव नभएपछि अभिभावकले घरै फर्काएका थिए । जिल्लामा बीस प्रतिशतले दोहोऱ्याएर गर्भपतन गराएको तथ्याङ्क छ । दोहोऱ्याएर गर्भपतन गराउनेहरु कमै मात्र एउटै स्वास्थ्य संस्थामा आउने गरेको स्वास्थ्यकर्मीहरुको अनुभव छ । सूचीकृत स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीले दोहोऱ्याएर गर्भपतन गर्न नदिने र दोहोऱ्याउँदा हुने स्वास्थ्य समस्याका बारेमा समेत परामर्श दिने भएकाले नयाँ ठाउँमा जाने प्रवृत्ति हावी छ । गर्भ रहेको नौ हप्तासम्म लिङ्गको पहिचान हुँदैन । लिङ्ग पहिचान गरेर भ्रूण हत्या गर्नेहरु जिल्ला बाहिरका निजी अस्पताल जान्छन् । स्वास्थ्य कार्यालयको तथ्याङ्क अनुसार म्याग्दीमा धेरैले नौ हप्ताअघि नै गर्भपतन गराउने गरेका छन् । नौदेखि १२ हप्तासम्मको गर्भपतन गराउनेहरुको सङ्ख्या आर्थिक वर्ष २०७१/७२ मा ६९ छ । गर्भपतन प्रजनन् स्वास्थ्यका दृष्टिले जोखिमयुक्त भएको जिल्ला अस्पतालका चिकित्सक धिरन मल्लले बताए । 'गर्भपतनका कारण शारीरिक कमजोरी, पाठेघरको सङ्क्रमण, बाँझोपन र रक्तअल्पताको समस्या देखापर्छ, चिकित्सक मल्लले भने-'पटक पटक गर्भपतन गराउँदा शारीरिक र प्रजनन् स्वास्थ्यमा गम्भीर असर पर्छ ।' जिल्ला स्वास्थ्य कार्यालयका अनुसार म्याग्दीमा ४० प्रतिशत दम्पतिले मात्रै परिवार नियोजनको साधन प्रयोग गर्छन् । आर्थिक वर्ष २०७२/७३ मा परिवार नियोजनका साधनहरु पिल्स, डिपो, आइयुसिडी र इम्पलान्टका नयाँ प्रयोगकर्ताहरु क्रमश ६४६, एक हजार ४०९, १३६ र ३५२ जना रहेको देखिन्छ भने ५४ जनाले स्थायी बन्ध्याकरण गराएका छन् । आर्थिक वर्ष २०७२/७३ मा गर्भपतन गराएका एक हजार ८० जनालाई र अघिल्लो वर्ष ९०६ जनालाई स्वास्थ्य संस्थाबाट परिवार नियोजनका अस्थायी साधन दिएर पठाइएको थियो । सरकारी स्वास्थ्य संस्थाले परिवार नियोजनका साधनहरु नि:शुल्क वितरण गर्दै आएका छन् । वैदेशिक रोजगारीका कारण चलायमान जनसंख्याको ठूलो हिस्सा रहेको म्याग्दीमा दम्पतिहरुको अविश्वास र नकारात्मक बुझाइका कारण परिवार नियोजनका साधनको प्रयोग कम रहेको जिल्ला स्वास्थ्य कार्यालयको परिवार नियोजन कार्यक्रमका संयोजक कौशल भण्डारीले बताए । परिवार नियोजनका अस्थायी र स्थायी साधनको प्रयोगमा वृद्धि ल्याई गर्भपतन दरमा कमी ल्याउन गत पुसदेखि बेनी नगरपालिकाको साथै दरवाङ, बिम, ओखरबोट, रुम, निस्कोट, बरङ्जा, भकिम्ली, बाबियाचौर र अर्मन गाविसमा परिवार नियोजन सञ्चार अभियान सञ्चालित छ । **कान्तिपुर अनलाइनबाट**

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल कार्तिक ६ गते बिहीबार, तदनुसार अक्टुवर २२ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३६, सौम्यनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिककृष्णापक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिककृष्णपक्षको सप्तमी तिथि अहोरात्र रहनेछ । आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा मिथुन राशिमा अहोरात्र रहनेछ। आज दिनमान २८ घटि २२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ०७ मिनेटमा यम मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २८ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : दाजु भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष हुने ।

**वृष** : धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने ।

**मिथुन** : आफन्तसँग झगडा हुने, कार्यमा विध्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला ।

**कर्कट** : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टत्रिसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन राम्रो छ ।

**सिंह** : यात्रा असफल, खानामा गडबढी हुन सक्ने, कार्य अधुरा रहनेछन, छोराछोरीले सताउने, वायू रोगले सताउने ।

**कन्या** : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुने।

**तुला** : गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन राम्रो छ ।

**वृश्चिक** : शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु वृद्धि हुने ।

**धनु** : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला ।

**मकर** : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ ।

**कुम्भ** : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला ।

**मीन** : मानसिक पीडा थपिनेछ, प्रेममा बिछोड हुन सक्नेछ , आयश्रोत घट्ने, पारिवारिक झमेला हुनसक्ने ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

## बैंक तथा वित्तीय संस्थाको निक्षेप र कर्जा परिचालन वृद्धि

**काठमाडौं ५ कार्तिक ।**

चालु आर्थिक वर्षको २ महिनामा बैंक तथा वित्तीय संस्थाको निक्षेपमा सामन्य वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकका अनुसार २ महिनामा निक्षेप परिचालन १.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा ०.९ प्रतिशतले बढेको थियो । वाणिज्य बैंक र वित्त कम्पनीको निक्षेप क्रमश: १.४ प्रतिशत र ०.६ प्रतिशतले बढेको छ भने विकास बैंकहरूको निक्षेप ०.४ प्रतिशतले घटेको छ । बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.९ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकको ३.८ प्रतिशत, विकास बैंकहरुको २.२ प्रतिशत र वित्त कम्पनीको १.७ प्रतिशत बढेको छ । कृषि क्षेत्रमा ४.२ प्रतिशत, औद्योगिक उत्पादनमा २.४ प्रतिशत, निर्माण क्षेत्रमा ४.३ प्रतिशत, थोक तथा खुद्रा व्यापारमा ३.९ प्रतिशत, सेवा उद्योगमा ३.६ प्रतिशत र यातायात, सञ्चार तथा सार्वजनिक सेवामा ४ प्रतिशत कर्जा प्रवाह बढेको राष्ट्र बैंकले जनाएको छ ।

भदौसम्म बैंक तथा वित्तीय संस्थाको लगानीमा रहिरहेको कर्जामध्ये ६०.६ प्रतिशत घर जग्गाको धितोमा र १५.२ प्रतिशत चालू सम्पत्ति कृषि तथा गैर-कृषिजन्य वस्तु को धितोमा प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमश: ५९.४ प्रतिशत र १२.९ प्रतिशत थियो ।

दुई महिनामा राष्ट्र बैंकले ८५ अर्ब ५ करोड तरलता प्रशोचन गरेको छ । यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् ३१ अर्ब ५० करोड र ब्याजदर कोरिडर अन्तर्गत दुई हप्ते निक्षेप बोलकबोल मार्फत् २६ अर्ब ४५ करोड रुपैयाँ समेत र रिभर्स रिपोमार्फत् टर्नओभरको आधारमा ५३ अर्ब ५५ करोड तरलता प्रशोचन भएको छ ।

अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोलकबोलमार्फत ५७ अर्ब २५ करोड र रिभर्स रिपोमार्फत २१ अर्ब ३० करोड र सोझै बिक्री बोल-कबोलमार्फत् ९ अर्ब १० करोड तरलता प्रशोचन भएको राष्ट्र बैंकले जनाएको छ ।

यस्तै उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुर्‍याउने उद्देश्यले सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग बढेको छ । समीक्षा अवधिमा साधारण पुनरकर्जा १ अर्ब ६१ करोड ५२ लाख र निर्यात कर्जा ३७ करोड ४४ लाख गरी कुल १ अर्ब ९८ करोड ९६ लाख रुपैयाँ पुनरकर्जा उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा साधारणतर्फ ६१ करोड ८० लाख र निर्याततर्फ ५ करोड ३० लाख गरी कुल ६७ करोड १० लाख रुपैयाँ पुनरकर्जा उपयोग भएको थियो ।

यस्तै , भूकम्प पीडितलाई राहत प्रदान गर्न शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत भदौसम्म ११ करोड ७८ लाख रुपैयाँ कर्जा प्रवाह भएको छ । वाणिज्य बैंकले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत लगानी गर्नुपर्ने नीतिगत व्यवस्था रहेकोमा भदौ मसान्तसम्म बैंकको यस्तो कर्जा अनुपात १६.६३ प्रतिशत पुगेको छ ।

वित्तीय स्थायित्व अभिवृद्धि गर्न अवलम्बन गरिएको मर्जर/प्राप्ति नीति कार्यान्वयनमा आएसँगै मर्जर तथा प्राप्ति प्रक्रियामा सामेल हुने बैंक तथा वित्तीय संस्थाहरूको संख्या बढ्दै गएको छ । भदौसम्म ११८ वटा बैंक तथा वित्तीय संस्था मर्जररप्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये ७७ वटा संस्थाको इजाजत खारेज भई कुल ४१ संस्था कायम रहेका छन् ।

यसैबीच गत साउनदेखि गिरावट आएको शोधनान्तरको अवस्था भदौमा पनि घाटामा छ । चालु आर्थिक वर्षको भदौमा शोधनान्तर साढे ३ अर्ब रुपैयाँ घाटामा गएको नेपाल राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्षको दुई महिनामा ३१ अर्ब ८८ करोड रुपैयाँ बचतमा थियो । व्यापार घाटा र वैदेशिक लगानीको लाभांश भुक्तानी उल्लेख्य बढेको र वैदेशिक अनुदान घटेका कारण सोधनान्तर घाटामा गएको हो ।

## १२ कक्षासम्म संस्कृत भाषा अनिवार्य

**पोखरा ५ कार्तिक ।**

आधुनिक युगमा संस्कृत भाषाको आवश्यकता बढ्दै गएकाले कक्षा १ देखि १२ सम्म अनिवार्य अध्यापन गराइनुपर्ने माग गरिएको छ । नेपाल आर्य समाजले बिहीबारदेखि यहाँ आयोजना गरेको अन्तर्राष्ट्रिय वैदिक आर्य महासम्मेलनमा आज विश्व संस्कृत सम्मेलनका सहभागी वक्ताले संस्कृत भाषामा भएका वैज्ञानिकतालाई जनसमक्ष पुऱ्याइनु पर्नेमा जोड दिए। सम्मेलनमा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति डा कुलप्रसाद कोइरालाले संस्कृत भाषामा भएका ज्ञानविज्ञानको सबैले उपयोग गर्न पनि संस्कृत भाषा सबैका लागि हुनुपर्ने बताए ।

सम्मेलनले विश्वविद्यालयका कुलसचिव कार्तिकेय झाले प्रस्ताव गरेको नौसूत्रीय घोषणापत्र पारित गरेको आयोजक समितिका संयोजक डा माधवप्रसाद उपाध्यायले बताए । नौसूत्रीय प्रस्तावमा संस्कृत भाषामा भएका आचार, मानवकल्याण, पर्यावरण संरक्षण र स्वास्थ्यका विषयलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने, संस्कृत पठनपाठनको व्यवस्थाका लागि शिक्षा मन्त्रालयसँग सहकार्य गर्नुपर्ने, भाषा, धर्म, संस्कृतिसम्बन्धी नीति निर्माण र निर्णय प्रक्रियामा संस्कृतका विद्वान्लाई समावेश गर्नुपर्ने र संस्कृत भाषाका विशिष्ट ग्रन्थलाई पुन:प्रकाशन गराउन सरकारसँग माग गर्नुपर्ने लगायत बुँदा उल्लेख छ ।

दोस्रो चरणमा आयोजना गरिएको वेद विज्ञान सम्मेलनमा वेदमा भएका वैज्ञानिक विषयको उपयोग गरी समृद्धिको मार्गमा अघि बढ्नुपर्नेमा जोड दिइयो । सम्मेलनका सहभागी भारतीय लोकसभाका सांसद स्वामी सुमेधानन्द सरस्वतीले वेदमा भएका वैज्ञानिकताको लाभ उठाउन विश्वका सबै विश्वविद्यालयमा अध्ययनअध्यापन गराइनुपर्ने बताए।

"यसको पहिलो चरणमा भारतका सबै विश्वविद्यालयमा स्वामी दयानन्द सरस्वतीको नाममा वेद अध्ययन विभाग बनाई अध्ययन अध्यापनको सुरुआत गर्ने तयारी भएको छ, विश्वविद्यालयमा वेदको वैज्ञानिकताका बारेमा अनुसन्धान हुनुपर्छ"-उहाँले भने । त्रिवि संस्कृत विभागका उपप्राध्यापक जनार्दन घिमिरेले नेपालमा वेदको अध्ययन अनुसन्धान गर्न छुट्टै विश्वविद्यालय स्थापनाको माग गरे ।

## —रंग संसार—

# नयाँ आशा लिएर पुनः आए 'कर्णदास'

**राजाराम पौडेल/गोल्डेन**
**पोखरा ५ असोज ।**

पचासको दशकमा नेपाली साँगीतिक क्षेत्रको मेरुदण्डको रुपमा रहेका पोखरेली गायक कर्णदासले दश वर्ष पछि पाँचौ एल्बम 'एउटा नयाँ आशा' लिएर आएका छन् । एल्बमको विमोचन कर्णदासकी आमा रत्नदेवी, कलाकार सरोज खनाल, साहित्यकार प्रकास सायामी र म्युजिक नेपालका अध्यष सन्तोष शर्माले गरेका थिए । विमोचन कार्यक्रममा एल्बममा समावेश 'हाम्रो नेपाल' गीतको म्युजिक भिडियो समेत रिलिज गरिएको थियो । दशवर्ष अमेरिका पलायन भएका उनी गत वर्ष नेपाल फर्किएसँगै नेपाली साँगीतिक फाँटमा पुनः सक्रिय हुन थालेका हुन् । आफु नेपाल आशै आशा बोकेर फर्किएकोले एल्बमको नाम समेत एउटा आशा राखेको उनले बताए । एल्बममा पुरानो धारका गीत भएपनि नयाँपन दिन खोजेको उनको भनाइ छ ।



यस एल्बममा आफ्नो लागि, तिम्रो मेरो, संग्लो संग्लो, एउटा मुटु, कसैले सोधेन, फूलेको, फूलको थुंगा, आफ्नो लागि, शान्त मनको तलाउमा, यस्तो थियो कथा एउटा, बोज नहोस् मेरो माया र एउटै मान्छे गरि कुल १२ गीत समावेश छन् ।

यी गीत मीनबहादुर बोहरा, दिनेश अधिकारी, विवेक मल्ल, रञ्जना थापा, सञ्जु थापा, रमन श्रेष्ठ, चन्द्रा केसी, गंगाराज मुकारुङ, उत्तम बाउकाजीको शब्द छ भने कर्ण दास, राजु सिंह, सचिन सिंह, सन्तोष रामदाम र सञ्जु थापाले संगीत भरेका छन् । तिम्रो मेरो गीतमा अञ्जु पन्त र आफ्नो लागि गीतमा श्रृष्टि गुरुङले कर्णदासलाई साथ दिएका छन् । अमेरिका पलायन हुदाँ भोग्नु परेको पिडा दुःख सम्झदै दास भावुक बने । अब भने निरन्तर यात्रा अगाडि बढाउने उनको वाचा छ । एल्बमलाई म्युजिक नेपालले बजारमा ल्याएको हो ।

**को हुन् त कर्णदास ?**

वि.स.२०५३ सालमा 'जिन्दगीको के भरोसा' बोलको गीतबाट डेब्यू गरेका कर्णदासलाई साथीहरुले तिम्रो स्वर राम्रो छ भन्न थाले । यसबाट उत्साहित बनेका उनले साथीहरुसँग मिली मध्यान्न ब्याण्ड स्थापना गरे । २०५३ व्याण्डमार्फत् 'मध्यान्न-१' नामक एल्बम श्रोतामाझ पस्किए । यस एल्बमबाट मध्यान्न समूह र कर्णदासको चर्चा नेपाली साँगीतिक फाँटमा चुलीन पुग्यो । त्यसपछिका उनका गीत एकपछि अर्को चर्चाको शिखर चुमे । 'मध्यान्ह-१' लाई श्रोताले औधी रुचाएपछि विभिन्न साँगीतिक कार्यक्रममा समेत यो समूहको माग हुन थालेको थियो । साँगीतिक फाँटमा संघर्ष गर्न काठमाडौं हानिएका यो समूहका सदस्यहरुले श्रोता शुभचिन्तकको राम्रो साथ पाए ।

पहिलो एल्बमबाट पाएको सफलतासँगै दोस्रो एल्बम निकाल्न हौसीएको यो समूहले २०५४ मा 'मध्यान्न-२' नामक एल्बम बजारमा ल्यायो । यस एल्बमबाट कर्णदासको लोकप्रियता बढेर गयो । यसरी श्रोता दर्शक तथा शुभचिन्तकबाट पाएको सर्पोटसँगै उनले २०५६ मा पहिलो सोलो एल्बम 'बेर्थै फेरी' बजारमा ल्याए यसबाट उनी सोलो गायकको रुपमा समेत स्थापित बन्न पुगे । हरेक एल्बमबाट पाएको सफलता सँगै उनको चर्चा अनि व्यस्तता बढेर गयो विभिन्न चलचित्रका गीत राष्ट्रभावले ओतप्रोत लगायत सबै विधाका गीतमा आफ्नो सुमधुर आवाज भर्न भ्याए । सबै विधाका गीतको माध्यमबाट उनले श्रोताको राम्रो साथ पाए ।

पुनः तेस्रो एल्बम 'मध्यान्न-३' निकाले । यो एल्बमले समेत यो समूहको लोकप्रियता बढ्न पुग्यो । यसपछाडि भने उनले समूहलाई निरन्तरता दिन सकेनन् । सोलोगायककै रुपमा क्यारीएर अगाडि बढाउने निर्णय गरे फलस्वरुप २०५९ मा दोस्रो सोलो एल्बम 'पुरानो डुङ्गा' मार्फत निरुन्तरता दिए ।

दुई वर्षको अन्तरालमा तेस्रो सोलो एल्बम 'आधा सपना' श्रोतामाझ पस्किए । २०६३ मा 'प्रित' नामक चौथो सोलो एल्बम बजारमा पस्केका थिए । झण्डै १२ सय गीतमा आवाज उनले भरीसकेका छन् । झण्डै दश वर्ष एल्बम बजारमा ल्याउन नसकेपनि अब भने व्याण्ड र सोलो गायन दुवैलाइ सँगसगै अगाडि बढाउने योजना उनले बनाएका छन् । मध्यान्न समुहलाई पनि निरन्तरता दिनका लागि व्याण्डका साथीहरु सँग कुरा भैरहेको उनले बताएका छन्। 'सबै व्याण्ड मेम्बरहरु फाइनान्सीयल रुपमा सक्षम भएकोले पनि निरन्तरता दिन सहज हुने छ' उनले भने ।

**कर्णदासको बाल्यकाल**

कास्कीको निर्मलपोखरीमा जन्मिएका कर्णदासको बाल्यकाल भारतका विभिन्न शहरमा बित्यो । बुबा इन्डियन आर्मीमा भएकोले पनि बुबा जहाँ जहाँ जानुभयो उहि जानुपर्ने थियो । तीन र चार कक्षा भने गाउँकै जनचेतना मा.वि. र आठ कक्षा पोखराको नवप्रभातमा पढेका उनको हाइस्कुलको पछिल्लो समय दिल्लीमा बित्यो । त्यहाँ बस्दा म्यूजिक कक्षामा समेत सामेल भएका उनले गिटार बजाउन त्यस समयमै सिक्ने मौका पाएका थिए ।

**कर्णदासले प्राप्त गरेका पुरस्कार सम्मान** : कर्णदासलाई हाल सम्म थुप्रै संघ-संस्था मार्फत सम्मान समेत गरीसकेका छन् ।

२०५४ मा आयोजित माछापुच्छ्रे म्युजिक कन्टेस्टमा मध्यान्न समूहबाट व्यस्ट व्याण्ड, व्यस्ट लिरिक्स र वेस्ट भोकलमा बाजी मारेका थिए । हिट्स एफ एमले आयोजना गरेको हिट्स एफ एम म्यूजिक अवार्ड २०५५ मा रेकर्ड अफ द एयर र वेस्ट पर्फमेन्स फर ग्रुप, २०५६ मा वेस्ट पर्फमेन्स फर ग्रुप, २०५८ मा वेस्ट भोकल पर्फमेन्स, २०५९मा वेस्ट भोकल पर्फमेन्स, २०६० मा वेस्ट भोकल पर्फमेन्स र रेकर्ड अफ द एयर प्राप्त गरीसकेका छन् । सानमिगल म्युजिक अर्वाड २०५७ मा वेस्ट भोकल पर्फमेन्स अवार्ड हात पारेका उनले माछापुच्छ्रे एफ एम अर्वाड २०५९ मा बेस्ट सङ तथा बेस्ट भोकल, नेपाल जेसिसको वेस्ट युथ अफ द एयर अवार्ड बोस्टन कलेज अफ लन्डनको लङ टाइम आउटस्टान्डिङ एचिभमेन्ट एज नेपाली सिङ्गर अवार्ड आठौ इमेज अवार्डमा वर्षको उत्कृष्ट गायक सहित तीन विधामा अवार्ड जितीसकेका छन् ।

**कर्णदासको अबको योजना**

कर्णदासले अब साँगीतिक क्षेत्रमा पुनः निरन्तरता दिनेछन् । लामो समय अमेरिका रहे पनि आफ्नो क्रेज नघटेकोले पुनः स्थापित हुन सहज हुने कर्णदासको विश्वास छ । 'मेरो क्रेज कतिपनि घटेको छैन' उनले थपे 'अमेरिकामा रहदाँ पनि विभिन्न साँगीतिक कार्यक्रममा सहभागीता जनाइ सक्रिय भएको थिए ।' यस्का अलावा फोन र सामाजिक सञ्जाल माार्फत सधै दर्शक श्रोताको साथमा भएकोले अमेरिकामा रहदाँ समेत श्रोता दर्शकको मायामा कुनै कमि नआएको उनको तर्क छ । 'अहिलेसम्म श्रोताको उस्तै माया पाएकोले नै नेपाल फर्कीएर आएको हुँ' उनले भने ।

यो क्षेत्रमा निरन्तरता दिए पनि आफु व्यापारिक हिसाबले पैसा कमाउनका लागि साँगीतिक क्षेत्रमा पहिला पनि नलागेको र अब पनि नलाग्ने उनले प्रष्ट पारेका छन् । 'म कर्मसियल रुपमा यो क्षेत्रमा पहिला पनि लागेको थिइन अब पनि लाग्ने छैन' । साँगीतिक क्षेत्रको निरन्तरतासँगै अब छोराहरुसँग सल्लाह गरेर नयाँ क्षेत्रमा लगानी गर्ने सोचमा आफु रहेको कर्णदास बताउँछन् । समय अनुसारका गीत दर्शक श्रोतामाझ निरन्तर पस्कीएर दर्शक श्रोताको साँगीतिक तृष्णा मेटाउने योजना उनले बनाएका छन् ।

प्रतिक्रियाका लागि :
*popdiary@gmail .com*

# सांस्कृतिक कार्यक्रमको तयारी पूरा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ कार्तिक ।**

विजयदशमी, शुभ दिपावली, छठको अवसरमा पोखरा लोकदोहोरी रेष्टुरेण्ट व्यवसायी संघले शनिवार पोखरामा शुभकामना सांस्कृतिक साँझ गर्ने भएको छ। संगीतमय वातावरणमा चाडपर्वको शुभकामना आदान-प्रदान गर्ने उद्देश्यले सांस्कृतिक साँझ गर्न लागिएको हो। कार्यक्रम पोखराको सभागृहमा हुने। कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको छ । पोखरा लोकदोहोरी रेष्टुरेण्ट व्यवसायी संघका अध्यक्ष अर्जुन गुरुङले भने- 'कार्यक्रमका सहभागिता लागि सबैलाई आमन्त्रण गर्दछौं।' कार्यक्रममा झण्डै दुई हजार दर्शकको सहभागिता रहने आयोजकको अपेक्षा छ। सांस्कृतिक साँझमा खड्क गर्वुजा, शर्मिला गुरुङ, कुमार पुन, जानकी तारमी मगर सहित स्थानीय कलाकारको विशेष प्रस्तुति रहने छ भने सूर्योदय कला केन्द्रले लोक नृत्य प्रदर्शन गर्ने बताइएको छ।

त्यसअवसरमा लोकदोहोरीको विकासका लागि महत्वपूर्ण भूमिका खेल्ने कलाकार रमेश विजिलाई सम्मान समेत गरिने छ। कार्यक्रम सम्पन्न गर्नका लागि झण्डै पाँच लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको सचिव जीवन गुरुङले बताए। कार्यक्रमबाट ६ लाख बचत गर्ने लक्ष्य लिइएको छ। बचत रकम लोकदोहोरी सहकारी स्थापना र सामाजिक हितका लागि खर्च गर्ने बताइएको छ।

# रामबजार महोत्सव आइतबारदेखि

**पोखरा ५ कार्तिक ।**

रामबजार युथ क्लबले गर्न लागेको चौथो रामबजार महोत्सव -२०७३ को तयारी पूरा भएको छ। महोत्सव सम्पन्न गर्न क्लबका अध्यक्ष कुमार थिङग तामाङको अध्यक्षतामा गठित ५१ सदस्यीय मूल आयोजक समिति र विभिन्न सात वटा उपसमितिले आ-आफ्नो जिम्मेबारीको काम पुरा गरेका छन्। महोत्सवको सम्पूर्ण तयारी पूरा भएको छ क्लबका अध्यक्ष कुमार थिङग तामाङले भने- 'यसपटक पनि हामीले सबैको साथ र सहयोग पाउँने अपेक्षा गरेका छौं।'

रामबजारको पहिचान र विकासको मुख्य उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको हो। आऔ, खाऔ अनि रामबजार मै रमाऔ भन्ने मूल नाराका साथ कात्तिक ७ देखि १३ गतेसम्म रामबजारस्थित कालिका उच्च माविको प्राङगणमा महोत्सव चल्ने छ। महोत्सवको आकर्षणमा लोक नृत्य, राष्ट्रिय एवं स्थानीय कलाकारहरुको प्रस्तुति, जातीय झाँकी, खानेकुरा तथा खेलकुदका स्टल, बाल उद्यान रहने छन्। महोत्सवमा विभिन्न उत्पादन तथा व्यवसायीक प्रयोजनका झण्डै ३५ वटा स्टल रहने छन्। महोत्सव झण्डै ९० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको छ। महोत्सव सम्पन्न गर्न २५ लाख ९५ हजार खर्च लाग्ने र महोत्सवबाट पाँच लाख ५० हजार रुपैयाँ बचत हुने अनुमान गरिएको छ। यसपटक टिकट विक्रीको रकममध्य प्रति टिकट एक रुपैया श्रमिक बालबालिकाको हितका लागि प्रदान गरिने छ भने बचत रकम सामाजिक विकासका लागि खर्च गरिने छ।

# नेपाली कांग्रेस कास्कीको बैठक

**पोखरा ५ कार्तिक ।**

नेपाली कांग्रेस कास्कीको बैठक शुक्रबार बसेको छ। बैठकले कात्तिक १२ गते स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समितिको कार्यसर्त तथा कार्यविधिमा छलफल गर्ने निर्णय गरेको जिल्ला सदस्य नवीन सिग्देलले जानकारी दिए। सो कार्यक्रममा ७९ वटै एकाइका पदाधिकारी एवं राजनीतिक रुपमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका नेता तथा कार्यकर्ता गरी झण्डै चार सय जनाको सहभागिता रहने छ। बैठकले यसै महिनाभित्र कास्की कांग्रेसको वेबसाइट सार्वजनीक गर्ने पनि निर्णय गरेको छ। बैठक कास्की कांग्रेसका सभापति कृष्ण के.सीको अध्यक्षतामा बसेको थियो। यसैबीच, नेपाली कांग्रेस कास्कीले शुक्रबार नै शोक विज्ञप्ति पोखरा-४ निवासी क्रियाशील सदस्य टिकाराम बाँस्तोला र मौजा-७ बिसौना बस्ने क्रियाशील सदस्य पार्वती बाँस्तोलाको निधन भएकोमा दुःख व्यक्त गरेको छ। विज्ञप्तिमा पार्टीको विकास र विस्तारका लागि उनीहरुले निर्वाह गरेको भूमिका सदैव स्मरणीय रहने उल्लेख छ।

# म चौतर्फी घेराबन्दीमा परें–प्रधानमन्त्री

**काठमाडौं ५ कार्तिक ।**

प्रधानमन्त्री पुष्पकमल दाहालले आफू चौतर्फी घेराबन्दीमा परेको बताएका छन् । राजधानीमा शुक्रबार आयोजित एक कार्यक्रममा प्रधानमन्त्री दाहालले पहिलो पटक प्रधानमन्त्री बन्दाको जस्तो अहिले स्वतन्त्रतापूर्वक काम गर्न नपाएको गुनासो गरेका हुन् ।

दोस्रोपटक प्रधानमन्त्री हुँदा हरेक दिन आफू खुकुरीको धारमा हिंड्नुपरेको प्रधानमन्त्री दाहालले गुनासो गरेका छन् । प्रधानमन्त्री दाहालले भने, 'पहिलोपटक प्रधानमन्त्री हुँदा जस्तो अहिले स्वतन्त्रतापूर्वक काम गर्न पाएको छैन । तेस्रो दल भएर प्रधानमन्त्री भएकोले पनि होला अहिले मैले हरेक निर्णय गर्दा खुकुरीको धारमा टेकेर गर्नुपरेको छ ।' जटिल परिस्थितिमा आफू प्रधानमन्त्री बनेको उल्लेख दाहालले सबै राजनीतिक दल र शक्तिहरुलाई मिलाएर अघि बढ्नु नै सरकारको प्रमुख दायित्व भएको बताएका छन् । मुलुक अप्ठ्यारो परिस्थितिमा रहेको बताउँदै दाहालले राष्ट्रिय स्वाधिनता भन्दा भन्दै मुलुक नै विखण्डन हुने हो कि भन्ने चिन्ता लागेको बताए ।

उनले राष्ट्रिय स्वाधिनताको रक्षा गर्न पनि संविधानको फराकिलो स्वीकारोक्ति आवश्यक रहेको बताएका छन् । प्रधानमन्त्री दाहालले भने,-'देश संकटमा फसेको छ । यसबाट पार पाउन संविधानको स्वीकारोक्ति फराकिलो बनाउनु आवश्यक छ । सरकारको लागि यो अहिलेको सबैभन्दा ठूलो चूनौती रहेको छ ।'

नेपालमा राजनीतिक घटनापछि परिवर्तनले स्थायित्व नपाउने गरेको दृष्टान्त दिदैं प्रधानमन्त्री दाहालले अहिले पनि राजनीतिक उपलब्धि संस्थागत नहुने हो कि भन्ने आफूलाई शंका लागेको बताए ।

दाहालले भने, '२००७, २०३६ र २०४६ सालमा राजनीतिक क्रान्ति भयो । क्रान्ति पछि हरेक पटक ठूला ठूला घटना भए र उपलब्धिहरु संस्थगात हुन सकेनन् । अहिले पनि मलाई प्राप्त उपलब्धि संस्थागत हुन नसक्ने हो कि भन्ने शंका लागेको छ ।'

दाहालले अन्तर्राष्ट्रिय मञ्चमा समेत आफूले राष्ट्रिय एकतालाई मजबुत पार्ने काम गरेको दाबी गरेका छन् । उनले भारत भ्रमणमा रहँदा, ब्रिक्सको बैठकमा जाँदा आफ्नो तागतले भ्याएसम्म राष्ट्रिय स्वाधिनता बचाउने काम गरेको दाबी गरेका हुन् । प्रधानमन्त्री दाहालले विगतमा बिग्रिएको विदेश नीति र धर्मराएको राष्ट्रिय एकतालाई मजबुत पार्ने काममा लाग्दा अन्य दलहरु आफूदेखि डराएको आरोप लगाएका छन् । दाहालले भने, 'म प्रधानमन्त्री हुनु अघि विदेश नीति लडखडाएको थियो ।

राष्ट्रिय एकता धर्मराएको थियो । मैले राष्ट्रिय एकतालाई मजबुत पार्ने काम गरें । विदेश नीतिलाई सन्तुलित पार्ने काम गरें । म प्रधानमन्त्री भएएको पहिलो दिनदेखि नै सुरु गरेको मेरो यो अभियान केही दलहरुलाई चित्त बुझेको छैन । उनीहरु आत्तिएका छन् ।'


## सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. ८, बस्ने पूर्णबहादुर गुरुङको छोरा विक्रम गुरुङको नाउमा रहेको साविक शिशुवा को कित्ता नं. १३७१७ समेत क्षेत्रफल ०-३-२-२ को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको तर उत्तर तर्फका सधियारालाई फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

| कि.नं. | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|
| १३७१७ समेत | १३७१२ समेत | १३७१८ | ३०३० | बाटो |

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

## जग्गा विक्रीमा

पोखरा-५, मालेपाटन, स्टेप वाई स्टेप बोर्डिङ स्कूल नजिक २८ हात मोहडा ३६ हात पिछाड भएको जग्गा विक्रीमा छ।
सम्पर्क : ९८४६०७७६१९
९८४६७५६६६६

## जग्गा विक्रीमा

पोखराको विरौटा नजिक होटल साग्रिलाको पछाडि १८ हाल मोहडा र ४० हात पिछाड भएको जग्गा विक्रीमा छ ।
सम्पर्क : ९८४६११४०३६
९८५६०३४८०१

## आवश्यकता

पृथ्वीचोक स्थित एक ट्राभल्स एजेन्सीका लागि महिला कर्मचारी आवश्यक परेको हुँदा ईच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८१६१३६१३७

## खुशीको खबर !



के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

## सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर

Abudhabi को Spark Middle East Star Skill Force, UAE को DPS, कतारको Group-4 ... Diplomatic सेक्युरिटी गार्ड तालिम ...

तयारी कक्षा धमाधम

सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि

## विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

## पोखरामा पहिलो पटक

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।

❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

## "रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान, वाटर प्रुफिङ गरिन्छ ।*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

## अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ॥
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८
फ्रि होम डेलिभरि

# लोकमानसिंहको महाअभियोगले कहाँ–कहाँ हान्यो ?

**पोखरा ५ कार्तिक ।**

सशस्त्र संघर्षका बेला माओवादी छापामारहरुले रातारात जिल्ला सदरमुकाममा हमला गर्थे । छापामारहरु उज्यालो नहुँदै रिट्रिट हुन्थे । तर, भोलिपल्टदेखि त्यसको प्रभावले सिंहदरबारसमेत तरंगित हुन्थ्यो । देशैभरि तरंग आउँथ्यो । बुधबार राति सिंहदरबारभित्रै त्यस्तै तरंग ल्याउनेखालको घटना भयो, जहाँ हतियारको साटो हस्ताक्षरमात्रै प्रयोग गरिएको थियो । यद्यपि यसका कर्ता चाँहि उनै जनसेनाका पूर्वकमाण्डहरु थिए ।

करिब-करिब छापामारयुद्धकै शैलीमा बुधबार साँझ अख्तियार प्रमुख लोकमानसिंह कार्कीविरुद्ध संसदमा महाअभियोगको प्रस्ताव दर्ता भयो । दर्ता भएको ३ घण्टासम्म प्रचण्डलेसमेत सुइँको पाएनन् । धेरैले विहानमात्रै जानकारी पाए । महाअभियोगको प्रस्ताव पेश गर्ने प्रस्तावक सांसद महेन्द्रबहादुर शाहीदेखि लिएर बुझिलिने सभामुख ओनसरी घर्तीसमेत पूर्वछापामार कमाण्डर नै हुन् । र, यसमा निर्णायक भूमिका खेल्ने मन्त्री जनार्दन शर्मा पनि चर्चित पूर्वलडाकू कमाण्डर नै हुन् ।

आफ्नै पार्टीका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्डलाईसमेत पूर्वजानकारी नदिई पूर्वलडाकू कमाण्डहरुको पहलकदमीमा संसदमा महाअभियोगको प्रस्ताव दर्ता गरिएको थियो । र, यो काम एक प्रकारले छापामार शैलीप्रयोग गरेर युद्धको गतिमा गरिएको थियो । लोकमानविरुद्ध महाअभियोगको प्रस्ताव दर्ता गर्ने काममात्रै छापामार शैलीमा गरिएन, त्यसपछि यसले ल्याएको तरंग पनि विगतको जिल्ला सदरकुकाम आक्रमण भन्दा कम देखिएन, बरु बढी नै देखियो । सम्भवतः शान्ति प्रक्रियामा आएपछि माओवादीको सक्रियतामा भएको यो नै सबैभन्दा ठूलो राजनीतिक 'सर्जिकल स्ट्राइक' हो । र, लोकमानविरुद्ध माओवादीले लिएको यो 'स्टेप' लाई आम जनमानसले सकारात्मक रुपमा लिइरहेको छ र लोकमानमाथिको कारवाहीलाई किनारामा पुर्‍याउन आग्रह गरिरहेको छ । प्रचण्डलाई नै जानकारी नदिई हठात चालिएको कदम भए पनि यो कदम जनपक्षीय कदम बन्न पुगेको छ । अकस्मात गरिने छापामार आक्रमणपछि देशमा तरंग आउनु स्वाभाविकै हो । आक्रमणको प्रभावकारिता र त्यसका उपलब्धि अनि कमजोरीबारे व्यापक समीक्षा हुनु छापामार आक्रमणको विशेषता नै हो । अहिले लोकमान विरुद्ध चालिएको महाअभियोग प्रकरणमा सिंगै देश यसैगरी तरंगित भएको छ । मूलतः यो 'सर्जिकल स्ट्राइक'ले तरंगित बनाएका क्षेत्रहरु यस्ता छन्:

**१. बमवार्ड द हेडक्वार्टर** !

केपी ओलीले लोकमानविरुद्ध महाअभियोग लगाउनेबारे प्रधानमन्त्री प्रचण्डलाई सुराक दिएका थिए, तर खुराक दिएका थिएनन् । महाअभियोग संसदमा दर्ता भइसकेपछिमात्रै प्रधानमन्त्रीले थाहा पाए, जसले गर्दा बुधबार राति उनी निदाउनै सकेनन् । प्रचण्डलाई लाग्यो, यो त पूर्वलडाकूहरुले मैमाथि गरेको आक्रमण हो । सही हो, यो प्रस्तावले माओवादीभित्र 'बमवार्ड द हेडक्वार्टर' को काम गरेको छ । तीन वर्ष पहिले लोकमानलाई अख्तियार प्रमुख बनाउने प्रचण्ड आफैं थिए । अहिले पनि लोकमानमाथि कारवाही अगाडि बढाउने सवालमा प्रचण्ड उदारवादी देखिँदै आएका थिए । यसैको फाइदा उठाएर लोकमानले पूर्वलडाकूमाथि धावा बोलिरहेका थिए । यो परिस्थितिमा जनार्दन शर्मा, महेन्द्रबहादुर शाही वा ओनसरी घर्तीले प्रचण्डसँग सल्लाह गरेर लोकमानविरुद्ध अविश्वासको प्रस्ताव ल्याउन खोजेको भए प्रधानमन्त्रीले निश्चय नै अहिले नगरौं भन्ने थिए ।

तर, लडाकूले आफ्नै हेडक्वार्टर (प्रचण्ड) माथि बमवार्ड गरिदिए । अहिले प्रचण्ड यो आक्रमणलाई जबरजस्ती समर्थन गर्नुपर्ने रक्षात्मक स्थितिमा आइपुगेका छन् । लोकमान विरुद्धको संघर्ष पार्टीभित्र सघन एवं वार(पारको अवस्थामा पुगेको छ । भलै यो संघर्षको कमाण्डिङ प्रचण्डले गर्नुपर्नेमा केपी ओलीले गरिदिए ।

अब हस्ताक्षर जुन तरिका र विधिले गरिएको भए पनि प्रधानमन्त्री प्रचण्डले जनार्दन शर्मालाई कारवाही गर्नेतिर लाग्नु भनेको लोकमानलाई जोगाउनेतिर लाग्नु हो । यो अवस्थामा प्रचण्डको उदारवाद अब मझधारमा अडिन सक्दैन । माओवादीमा लोकमान प्रकरणले ल्याएको यो एउटा महत्वपूर्ण तरंग हो ।

**२. सत्ता गठबन्धनमा भूइँचालो**

महाअभियोग दर्ता प्रकरणले माओवादी पार्टीलाई मात्रै होइन, सिंहदरबारको सत्तालाई नै हल्लाइदिएको छ । बुधबार राति प्रचण्डले राजीनामा दिने मुड बनाउनु, कांग्रेस नेताहरु ओली र प्रचण्ड फेरि मिलेको ठानेर अत्तालिनु अनि विमलेन्द्र निधीले प्रचण्डलाई बारम्बार फोन गरेर थर्काउनुजस्ता घटनाक्रमले अहिलेको सत्ता गठबन्धनलाई भूकम्पले जस्तै हल्लाएको प्रष्ट हुन्छ । अब नेपाली कांग्रेसले महाअभियोगलाई समर्थन गरेन भने वा यो प्रस्तावबाट माओवादी पार्टी 'ब्याक' भयो भने अहिलेको सत्ता गठबन्धनमा थप हलचल आउन सक्ने निश्चित छ । र, यसले देशको समग्र राजनीतिक सन्तुलनलाई असर पार्न सक्छ ।

**३. कांग्रेसमा तोरीको फूल** !

छापामार शैलीमा दर्ता गरिएको महाअभियोग प्रस्तावले नेपाली कांग्रेसभित्र गम्भीर प्रश्न उत्पन्न गराएको छ । लोकमानको प्रश्नमा अब नेपाली कांग्रेस वीचमा बस्नै नसक्ने अवस्था पैदा गरिदिएको छ यो घटनाले । लोकमानलाई कारवाही गर्नुपर्ने आवाज नेपाली कांग्रेसले विगतदेखि नै उठाउँदै आएको विषय हो । गगन थापा, धनराज गुरुङ लगायतका युवा नेताले लोकमानविरुद्ध संसदमा औपचारिक रुपमा विषय उठान गरेका थिए । तर, शेरबहादुर देउवा लगायतका धेरै नेताहरु लोकमानको बचाऊमा लाग्दै आएको आरोप लाग्ने गरेको थियो । संसदमा प्रस्ताव दर्ता भइसकेपछि अब कांग्रेसले कि त लोकमानको पक्षमा कि विपक्षमा आफूलाई उभ्याउनुपर्ने धर्मसंकट आइलागेको छ । अब नेपाली कांग्रेस आम जनताको मतको पक्षमा उभिन्छ कि लोकमानको बचाऊमा उभिन्छ ? फैसला गर्नुपर्ने स्थानमा पुगेको छ कांग्रेस ।

**४. एमालेलाई फाइदा**

यो घटनाबाट सबैभन्दा बढी प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले राजनीतिक लाभ उठाएको छ । यो घटनाको कमाण्डिङ पनि उसैले गरेको चर्चाका कारण एमालेमा विजयभाव देखिएको छ । विगतमा लोकमानको बचाउमा लागेको दोष बोकेको एमाले अहिले नेपाली कांग्रेसभन्दा एक कदम अघि बढेर महाअभियोगको पक्षमा उभिएको छ । यो पनि छापामार शैलीको प्रहारले ल्याएको एउटा तरंग हो ।

**५. समाजमा धुवीकरण**

भनिन्छ, मानिसहरु तटस्थ त्यो बेलासम्म बस्न सक्छन्, जतिबेलासम्म तलाऊ शान्त हुन्छ । तलाऊमा कसैले ढुंगा हानेपछि त्यहाँ रहेका सबै चिजमा तरंग आउँछ । लोकमानमाथि महाअभियोग लागेपछि अहिले नेपाली समाज पनि सघनरूपमा ध्रुवीकृत बनेको छ । भ्रष्टाचारी, विचौलिया र समान्तवादको अवशेषका रुपमा रहेका शक्तिहरु एकातिर उभिएका छन् भने लोकतन्त्र र नागरिक शासनका हिमायतीहरु अकोर्तिर कित्ताबन्दी भएका छन् । रातारात भएको यो घटनाले लोकतन्त्र भर्सेज सामन्तवादको द्वन्द्व राष्ट्रिय बहसमा आएको छ ।

**६. लोकमानको स्वर्गमा खैलाबैला**

प्रमुख दलका नेताहरुलाई प्रभावमा पारेर अख्तियारमा पुगेका अनि भ्रष्टाचारीहरुको संरक्षणमा लागेका लोकमानसिंह कार्की यो घटनाबाट हतप्रभ बनेका छन् ।

अरुलाई सदाचारको पाठ सिकाउने तर जनताका सामु सबैं अपारदर्शी व्यवहार गर्ने र सर्वोच्च अदालतको विरुद्धमा प्रहरीसमेत परिचालन गरेर कानूनी शासनको खिल्ली उडाउने कार्की यतिबेला चिनियाँ लेखक लु सुनले भनेझैं 'भिजेको कुकुर'जस्तै बनेका छन् । लोकमानसिंह लोकतन्त्रका हिमायती होइनन् । उनी स्वच्छ छविका व्यक्ति पनि होइनन् । अख्तियारमै उनका मुद्दा तामेलीमा छन् । उनको सम्पत्ति विवरण पनि नेपाली जनताले थाहा पाएका छैनन् ।

धेरै तथ्यहरु बाहिर आइसकेका छन् । लोकमान आफैं भ्रष्टाचारका संरक्षक हुन्, जसलाई दलका नेताहरुले अख्तियारको प्रमुख बनाइदिएका थिए । अहिले यसलाई सच्याउने अवसर आएको छ, तर प्रमुख दलहरु यसमा धैर्यतापूर्वक मिले र अगाडि बढ्छन् कि बढ्दैनन्, त्यसैमा भर पर्नेछ लोकमानतन्त्र । डा. गोविन्द केसीहरुले उठाएको मुद्दा पनि यही हो । बुधबार रातिको राजनीतिक घटनाक्रमले लोकमानलाई 'सेबोटेज' गरेको छ । उनी रक्षात्मक अवस्थामा पुगेका छन् । अख्तियारलाई कब्जामा लिएर भ्रष्टाचार गर्नेहरुको स्वर्गमा खैलाबैला मच्चिएको छ । सर्वोच्च अदालत र संसदलाई अटेर गर्ने 'नवराजा' हरुको निद्रा हराएको छ ।

**७. वकिलहरुमा आएको तरंग**

यो घटनापछि केही कानूनविदहरुले पनि एकाध प्राविधिक प्रश्नहरु उठाउन थालेका छन्, जसलाई पनि यो घटनाको प्रभाव वा त्यसबाट उत्पन्न परिघटना मान्न सकिन्छ । जस्तो कि महाअभियोगबारे हस्ताक्षर संकलन गर्दा अपनाइएको विधि अलोकतान्त्रिक रहेकोबारे प्रश्न उठेको छ । त्यसैगरी लोकमान निलम्बित भएको विषयमा पनि केही वकिलले प्रश्न उठाएका छन् । महाअभियोगको प्रस्ताव दर्ता हुनासाथ निलम्बनमा पर्दै जाने हो भने भोलि न्यायाधीशको हकमा पनि यस्तो नजिर लागू हुने भन्ने कानूनचीहरुको तर्क छ ।

त्यसो त महाअभियोगको प्रक्रिया अघि बढ्दा लोकमानले सफाइको मौका अवश्यै पाउने छन् । र, अर्को पक्ष के छने अपराधीले समेत आफूलाई अन्याय धएको भन्नु र बचाउमा बोल्नु स्वाभाविकै हुन्छ । यद्यपि लोकतन्त्रमा कसैलाई उसले गरेको अपराधमा सजायँ गर्दा विधिसम्मत प्रक्रिया अपनाउनुपर्छ । यसबारेमा पनि विधायकहरुले ख्याल गर्नुपर्ने हुन्छ । तर, अहिले जुन 'सर्जिकल स्ट्राइक' भइसकेको छ, यस्तो बेलामा वकिलहरुले गरेका माथिका तर्कले लोकमानको नै सेवा गर्छन्, नागरिक अधिकार र लोकतन्त्रको होइन । वकिलहरुको पेशा नै यो हो कि गलत व्यक्तिको पक्षमा पनि वकालत गर्न उनीहरु स्वतन्त्र हुन्छन् । तर, लोकतन्त्रले जनपक्षधरतालाई हेर्छ र हेर्नुपर्छ ।

स्रात : अनलाइन खबर

# बास्केटबल आज सकिँदै

**पोखरा ५ कार्तिक ।**

पोखरा रंगशालामा जारी पोखरा भेट्रान्स राष्ट्रिय पुरुष खुल्ला बास्केटबल प्रतियोगिता अर्न्तगत आज (शनिबार) सेमिफाईनलका खेल सहित फाईनल खेल हुने भएको छ । शनिबार विहान पुन समाज कास्की बिरुद्ध कास्की जिल्ला वास्केटवल संघ बिच पहिलो सेमिफाईनल खेलका प्रतिष्प्रर्धा हुने भएको छ । त्यसैगरी दोश्रो सेमिफाईनल खेलमा पश्चिमाञ्चल भूपु सैनिक खेलकुद संघ बिरुद्ध तनहुँ जिल्ला वास्केटवल संघ बीच प्रतिष्प्रर्धा हुने भएको छ । सेमिफाईनल विहान हुने भएको छ भने फाईनल खेल दिउँसो १ बजे पछि हुने भएको आयोजक कास्की जिल्ला बास्केटबल संघका अध्यक्ष नेत्र बहादुर शेनले बताए ।

शक्रबार भएको खेलमा पुन समाज कास्कीले तनहुँ जिल्ला वास्केटवल संघलाई पहिलो खेलमा ४२ को बिरुद्ध ७१ स्कोरले पराजित गर्यो भने अर्को खेलमा पुन समाज कास्कीले कृर्तिपुर काठमाण्डौंको समुहलाई ४० बिरुद्ध ६९ स्कोरले पराजित गरेको हो । पहिलो खेलमा पुन समाज कास्कीका नोल बहादुर पुनले २० स्कोर गरेका थिए भने उनले अर्को खेलमा २४ स्कोरको योगदान दिए।

आयोजक कास्की जिल्ला वास्केटवल संघले पर्वत वास्केटवल संघलाई २४ का बिरुद्ध ४४ स्कोरले पराजित गर्दै सेमिफाईनलमा यात्रा बनाएको हो । कास्कीको जितमा नारायण प्रसाद शर्माले १७ स्कोरको योगदान दिए ।

अर्को खेलमा कर्म गुरुङको ३० स्कोरको मद्धतले काठमाण्डौंको बीबीएसटी को समुहले आयोजक कास्की जिल्ला वास्केटवल संघ माथि ३१ को बिरुद्ध ६७ स्कोरले जित निकालेके हो । पश्चिमाञ्चल भूपु सैनिक खेलकुद संघले तनहुँ जिल्ला वास्केटवल संघलाई २८ को बिरुद्ध ५९ स्कोरले गराजित गर्यो। पश्चिमाञ्चलको जितमा जस बहादुर गुरुङले १५ स्कोर गरे। प्रतियोगितामा ८ टिम सहभागी भएका हुन। प्रतियोगितामा ४० वर्ष माथिकाले मात्रै सहभागिता जनाएको आयोजकले जनाएको छ । पाथीभरा ओभरसिज प्रालिको मुख्य प्रायोजन रहेको प्रतियोगिता नेपालमै पहिलो पटक आयोजना गरिएको हो ।

# कृष्तिमा उद्घोषणकला तालिम

**पोखरा ५ कार्तिक ।**

सफलता मिडिया प्रालिको आयोजना तथा विपी कोइराला भारत नेपाल फाउण्डेशनको सहकार्यमा रेडियो सफलताले टोलटोलमा सुरु गरेको नेतृत्व विकास तथा उद्घोषणकला तालिम पोखरा २४ कृष्तीमा पनि सम्पन्न भएको छ । कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेपाली कांग्रेस क्षेत्र नम्बर ३ का क्षेत्रीय सभापति विजय आचार्यले सिकेका कुरालाई व्यवहारमा उतार्दै अरुलाई पनि सिकाउनु पर्नेमा जोड दिए । उनले आगामी दिनमा यस्तै किसिमका तालिमहरु ल्याउन आफूले पहल गर्ने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा प्रशिक्षर्थीको तर्फबाट अनिता थापा र अनिता परियारले बोल्दै तालिम निकै प्रभावकारी भएको र तालिममा सिकेका कुरा व्यवहारमा उतार्ने प्रतिवद्धता व्यक्त गरे। वडा नागरिक मन्च कृष्तिको संयोजनमा भएको कार्यक्रममा विभिन्न सघं संस्थामा आवद्ध महिलाहरुको उत्साहाजनक सहभागीता रहेको थियो । वडा नागरिक मन्च कृष्तीका संयोजक दुर्गा थापाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन प्रशिक्षर्थी मैना सुवेदीले गरेकी थिइन । ३ दिनसम्म संचालन भएको उक्त तालिमको सहजीकरण रेडियो सफलतकी कार्यक्रम संयोजक मधु अधिकारीले गरेकी थिइन । विभिन्न स्थानमा प्रदान गरिदै आएको नेतृत्व विकास सम्वन्धी तालिमले आत्मनिर्भर बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।


कर्मचारी चाहियो

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो।

पद : वेटर संख्या : केही

पद : डिसवासर संख्या : १ जना

सम्पर्क : चिनारी थकाली भान्छाघर

मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९


# १२ विद्यार्थीलाई छात्रवृत्ति वितरण



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ कार्तिक ।**

रोट्रयाक्ट क्लब अफ पोखरा फिस्टेलले र लेभल नेक्सट इभेन्ट मेनेज्मेन्ट कम्पनी प्रालिले संयुक्त रुपमा विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेका छन् । समाजिक दायित्व वहन गरि फिस्टेल लिटरेसी फन्ड अन्तर्गत १२ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको हो ।

लेभल नेक्सटले आयोजना गरेको यलो पुल पार्टीबाट बचत गरेको केही रकम सो छात्रवृत्तिलाई छुट्याएको हो ।

क्लबले सरस्वती मावि नागढुङगा, बाराही उमावि मालेपाटन, उदय मावि धम्पुस र धारापानी मा वि ढिकुरपोखरीका १२ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि रोटरी क्लब अफ पोखरा फिस्टेलका अध्यक्ष नरबहादुर गुरूङले क्लबले शिक्षा क्षेत्रमा मात्र नभएर समाजिक क्षेत्रमा पनि उत्तिकै योगदान दिएको बताए। यस्तो कार्यक्रम आगमी दिनमा पनि अझ सशक्त रूपमा अघि बढ्न समेत आग्रह गरे । कार्यक्रममा विशिष्ट अतिथि रोटरी नेपाल लिटरेसी मिसन कमिटी रिजनलको अर्डिनेटर रोटरीयन विनोद चन्द्र बरालले यस्तो कार्यक्रमले विद्यार्थीलाई निकै सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे । क्लबले आगमी दिन शिक्षाको क्षेत्रमा अन्य कार्यक्रम समेत ल्याउने प्रतिवद्धता रोट्रयाक्ट क्लब अफ पोखरा फिस्टेलका अध्यक्ष्य सुजन गुरूङले गरिन् ।

यस्तो कार्यक्रम गर्न प्रेरण दिने र सहयोग गर्ने सबैलाई अध्यक्ष गुरुङले आभार प्रकट गरिन् । कार्यक्रमको संचालन पोखरा फिस्टेलका सचिव प्रतिभा केसीले गरेकी थिइन ।

# बालिका शिक्षाको खर्च अन्यत्रै

**काठमाडौं ५ कार्तिक ।**

बालिका शिक्षामा वैदेशिक सहायता आए पनि त्यो अन्यत्र पनि खर्च हुने गरेको न्याय तथा अधिकार संस्था-नेपाल (जुरी) को एक अध्ययनले देखाएको छ । जुरीले आज यहाँ आयोजना गरेको 'सीमान्तकृत समुदायका बालिकाको शिक्षामा पहुँच र यसमा वैदेशिक अनुदान सहायताको प्रभाव' विषयको संवाद कार्यक्रममा उक्त अध्ययन सार्वजनिक गर्दै लक्षित वर्गका लागि छुट्याइने गरेको रकम पुग्नुपर्ने ठाउँमा नपुगेको गुनासो गरिएको छ । जुरीका प्रवक्ता चुनबहादुर गुरुङले उक्त अध्ययन प्रस्तुत गर्दै नेपालमा एक आवमा एक अर्ब अमेरिकी डलर वैदेशिक सहायता प्राप्त हुने गरेको बताए । उनले शिक्षा मन्त्रालयको तथ्याङ्क प्रस्तुत गर्दै भने-'सन् २०२० सम्म ५३० मिलियन वैदेशिक सहायता दिने दातृ निकायले प्रतिबद्धता व्यक्त गरेको मन्त्रालयबाट थाहा हुन आउँछ तर त्यो रकम खर्च गर्ने सन्दर्भमा हेर्ने हो भने कैलाली जिल्लामा बालिका शिक्षाका लागि भनेर रु दुई लाख ६० हजार मात्र खर्च गरिएको मन्त्रालयकै तथ्याङ्कमा देखिन्छ ।' उनले नेपालभर आठ हजार ४१६ मावि रहेकामा पाँच जिल्लामा रहेको पाँच चेपाङ बस्तीमा एउटामा पनि मावि नभएको तथ्यले शिक्षामा छुट्याइएको रकम कहाँ खर्च हुन्छ भन्ने खोज्नैपर्ने अवस्था आएको बताए । गोगो फाउन्डेसनका प्रमुख केदार खड्काले लक्षित वर्गलाई छुट्याइएको रकम बाटामा खर्च हुने गरेको नेपालको तथ्य रहेको सन्दर्भ बताउँदै भने-'४० हजार दर्ता भएका गैरसरकारी संस्थामध्ये १०(१२ हजार सक्रिय रहेकाले सरकारले सबै संस्थालाई कुल बजेटको दुईदेखि पाँच प्रतिशत बजेट बालिका शिक्षामा खर्च गर्नुपर्ने बाध्यकारी नियम बनाउन सक्नुपर्छ ।'


मोवाइल किन्दा छुट !

शुभ-दीपावली-२०७३ को मंगलमय शुभकामना

हंसपुर मोवाइल क्लिनिकमा एण्ड इलोक्ट्रोनिक सर्भिस सेन्टर चिप्लेढुंगा, पोखरामा

मोवाइल खरिदमा ५ देखि १०% सम्म र इलोक्ट्रोनिक सामान खरिदमा ५ देखि ३५% सम्म छुट !!!

सम्पर्क फोन : ०६१-५३५६७९


# सडकमा बत्ति

**काठमाडौं ५ कार्तिक ।**

काठमाडौं उपत्यकाका विभिन्न स्थानमा रु २० करोड ५७ हजारको लागतमा सौर्यबत्ती जडान प्रक्रिया अघि बढेको छ । काठमाडौं महानगरपालिकाले तीन भागमा विभाजन गरी एक वर्षभित्र एक हजार ८५ खम्बामा कामपाले आगामी एक वर्षभित्र उपत्यकाका प्रमुख सहरमा सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत सौर्यबत्ती जडान गर्न लागेको हो । उक्त कार्यका लागि कामपाका कार्यकारी अधिकृत रुद्रसिंह तामाङ र बिके टेडर्स सप्लायर्सका रञ्जनराज श्रीवास्तवले हस्ताक्षर गरेका छन्

# गाडीबाट हामफालेर एक बेपत्ता

**पोखरा ५ कार्तिक ।**

तवनको घोप्टेभिरमा शुक्रबार बिहान गुडिरहेको गाडीको ढोकाबाट हाम्फालेर एक व्यक्ति बेपत्ता भएका छन् । जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार जिल्लास्थित दारेचोक-३ को घोप्टेभिरमा गाडीको ढोकाबाट हाम्फालेका व्यक्ति बेपत्ता भएका हुन् । भैरहवाबाट काठमाडौं जाँदै गरेको लु १ ख ६४६६ नंको बसको ढोकाबाट हाम्फालेर रामेछाप चुरचुरे-६ बस्ने ३८ वर्षीय रोशनकुमार गुवाजु बेपत्ता भएका हुन् । शुक्रबार बिहान करिब २:३५ को समयमा उक्त घटना भएको हो । उनको अहिलेसम्म अवस्था पत्ता नलागेको प्रहरीले जनाएको छ । उनी भिर भएको क्षेत्रमा हाम्फालेकाले त्रिशूली नदीमा खसेको आशङ्का प्रहरीले गरेको छ । गाडीमा रहेका उनका आफन्त अमर श्रेष्ठलाई उद्धृत गर्दै प्रहरीले उनी केही मनोरोगी भएको जानकारी दिएको छ ।

खोजी जारी रहेको प्रहरीले जनाएको छ । अघिल्लो महिनामा त्यही घोप्टेभिर क्षेत्रबाट पूर्वगृहमन्त्री माधव घिमिरेसहित उनका आफन्त सवार गाडीसमेत दुर्घटना हुँदा गाडीसहित तीनजना बेपत्ता भएका थिए ।


Study in Japan
Czech Republic
USA, Australia, Norway

❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN**.
❖SLC passed can apply.
❖Almost all intake **czech Republic**.
❖Free Education in **Norway** & **Finland**.
❖Help to make all kind of documentation for any Countries.

April Intake

Now Running IELTS, JLPT Classess

ROMAN EMPIRE
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp.Rupakot Complex)
Tel.:061-531538, 9846449344, 9803652132



के तपाईमा यौनसम्बन्धी समस्या छ ?

**पुरूषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

**महिलाहरूमा देखिने** : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानको सफल उपचार**

**मलद्वार सम्बन्धी रोग** : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरूङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail .com, Website: www .goldennews .com .np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा